# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २६ मंगलबार, ३ चैत २०८२ SOURYA NATIONAL DAILY Tuesday, 17 March 2026 पृष्ठ : ८+६ मूल्य रू. ५


गैरकानुनी सम्पत्ति प्रकरणमा पूर्वसांसद चालिसेसँग ५ लाख धरौटी माग



पृष्ठ २

८ महिनामा १६ वटा औषधि पसलविरुद्ध निलम्बनको कारबाही




पृष्ठ ३

जिडिपीको ४७.१३ प्रतिशत पुग्यो सार्वजनिक ऋण



पृष्ठ ७

बिपी राजमार्ग बर्खाअघि नै पुनर्निर्माण सक्ने तयारी



पृष्ठ ११

## प्रतिनिधिसभाका सबै २७५ सांसद निर्वाचित

# प्रतिनिधिसभा बैठकअगावै प्रधानमन्त्री नियुक्ति र मन्त्रिपरिषद् गठनको तयारी

## सांसदको शपथअघि नै प्रधानमन्त्रीको शपथ निश्चित

कृष्ण उप्रेती

काठमाडौं । समानुपातिक निर्वाचन प्रणालीतर्फका ११० जना सांसदको नाम निर्वाचन आयोगले सार्वजनिक गरेसँगै प्रतिनिधिसभाका २७५ सांसदकै टुंगो लागेको छ । यससँगै अब निर्वाचन आयोगले अन्तिम प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्नेछ भने त्यसपछि सरकार गठनको बाटो पनि खुल्नेछ । यो साताको अन्त्यसम्म वा १० गतेभित्र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री नियुक्त हुने सम्भावना छ । निर्वाचन आयोगले आन्तिम प्रतिवेदन पेस गरेकै दिन वा त्यसको १-२ दिनभित्रै बालेन प्रधानमन्त्री नियुक्त हुने सम्भावना देखिन्छ । तर, त्यसका लागि रास्वपाले बालेनलाई संसदीय दलको नेता चयन गरिसक्नुपर्छ ।

रास्वपाले अहिलेसम्म संसदीय दलको नेता चयनका लागि कुनै मिति तय गरेको छैन । तर, ५ वा ६ गते दलको नेता चयन गर्ने गरी आन्तरिक तयारी छ । 'संसदीय दलको नेता चयनका लागि हामीले कुनै निश्चित मिति तय गरेका छैनौं । निर्वाचन आयोगको प्रक्रियालाई हेरेर नै आवश्यक निर्णय लिने योजना छ । तर, ५ गते आयोगले राष्ट्रपतिसमक्ष आफ्नो प्रतिवेदन बुझाउने भन्ने सुनेका छौं । त्यसो हुँदा तत्काल हामी दलको नेता चयन गर्छौं,' खनालले भने, '१-२ दिन तलमाथि पर्‍यो भने पनि १० गतेभित्र प्रधानमन्त्रीको शपथ भइसक्ला भन्ने हाम्रो अनुमान छ ।'

### पहिला प्रधानमन्त्रीको शपथ अनि मात्रै सांसदको

रास्वपा एक्लैले बहुमत ल्याएका कारण यसअघिको जस्तो राष्ट्रपतिले निश्चित समयावधि तोकेर सरकार गठनका लागि आह्वान गरिरहनुपर्ने अवस्था छैन । संविधानको धारा ७६(१) अनुसार राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछन् । त्यस्तै, धारा ७६(८) अनुसार प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गरिसक्नुपर्नेछ । सांसदको शपथअघि कि प्रधानमन्त्रीको ? भन्ने बहस चलिरहँदा रास्वपाले यस विषयमा निर्वाचन आयोग, संसद् सचिवालय तथा संविधानविद्हरूसँग औपचारिक/अनौपचारिक राय सल्लाह लिइसकेको छ । संसदीय गतिविधिमा भाग लिन सांसदको शपथ अनिवार्य भएकाले सरकार गठनका लागि सांसदको शपथ अनिवार्य नभएको सुझाव रास्वपाले पाएको छ । जसअनुसार सांसदहरूको शपथअघि नै प्रधानमन्त्री नियुक्तिदेखि मन्त्रिपरिषद् गठन भइसक्ने रास्वपा नेताहरूको दाबी छ । 'सांसदको शपथमा ढिलाइ भइहाल्यो भने सरकार सञ्चालन सहज हुने गरी प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद् गठन प्रक्रिया अघि बढ्छ,' संघीय सांसदसमेत रहेका नेता खनाल भन्छन्, 'सांसदभन्दा अघि नै प्रधानमन्त्रीको शपथ लिँदा कुनै कानुनी समस्या नहुने देखिन्छ ।' मन्त्री चयनको सन्दर्भमा भने गृहकार्य भइरहेको र अहिलेसम्म कसैको पनि नाम नटुंगिएको उनले बताए ।



### ५ गते राष्ट्रपतिलाई प्रतिवेदन बुझाउँछौं



**सुमन घिमिरे**, *सूचना अधिकारी, निर्वाचन आयोग*

समानुपातिक सांसद पनि टुंगिइसकेकाले अब निर्वाचनसम्बन्धी प्रक्रिया अन्तिम चरणमा पुगेको छ । ५ गते समानुपातिक सांसदहरूलाई प्रमाणपत्र वितरण गरेपछि राष्ट्रपतिसमक्ष निर्वाचन प्रतिवेदन बुझाउने हाम्रो तयारी छ । ५ गते बिहान साढे ११ बजे समानुपातिक सांसदहरूलाई प्रमाणपत्र वितरणको कार्यक्रम छ । सोही दिन राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउँछौं ।

### १० गतेभित्र प्रधानमन्त्रीको शपथ भइसक्छ



**शिशिर खनाल**, *केन्द्रीय सदस्य तथा संघीय सांसद, रास्वपा*

संसदीय दलको नेता चयनको सवालमा हामीले अहिले नै कुनै निश्चित मिति तय गरेका छैनौं । निर्वाचन आयोगको प्रक्रिया हेरेर नै आवश्यक निर्णय लिने योजना छ । तर, ५ गते आयोगले राष्ट्रपतिसमक्ष आफ्नो प्रतिवेदन बुझाउने भन्ने सुनेका छौं । यदि ५ गते आयोगले प्रतिवेदन बुझायो भने तत्काल हामी दलको नेता चयन गर्छौं । १-२ दिन तलमाथि पर्‍यो भने पनि १० गतेभित्र प्रधानमन्त्रीको शपथ भइसक्ला भन्ने हाम्रो अनुमान छ ।

### सांसदहरूको शपथ १० गतेपछि मात्र



**एकराम गिरी**, *प्रवक्ता, संघीय संसद् सचिवालय*

शपथग्रहणका लागि नयाँ संसद् भवनभित्रको बैठक हल लगभग तयार भइसकेको छ । साउन्ड सिस्टम जडान भइसकेको छ भने टेबल-कुर्सी पनि तयारी अवस्थामा छन् । लाइभका लागि मंगलबार भिडियो सिस्टमको परीक्षण छ । अबको ४-५ दिनभित्र हल तयार भइसक्छ । हामी १० गतेपछिको जुनसुकै मितिमा बैठक राख्न सक्ने अवस्थामा छौं ।

## अब प्रतिवेदन बुझाउने र शपथ मात्र बाँकी

समानुपातिक सांसद पनि टुंगिइसकेकाले अब निर्वाचनसम्बन्धी प्रक्रिया अन्तिम चरणमा पुगेको र ५ गते समानुपातिक सांसदहरूलाई प्रमाणपत्र वितरण गरेपछि राष्ट्रपतिसमक्ष निर्वाचन प्रतिवेदन बुझाउने आयोगको तयारी छ । आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने, '५ गते बिहान साढे ११ बजे समानुपातिकतर्फका सांसदहरूलाई प्रमाणपत्र वितरणको कार्यक्रम रहेको र सोही दिन राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने गरी हामी तयारी गरिरहेका छौं ।'

राष्ट्रपति कार्यालयबाट पनि प्रतिवेदन प्राप्त भएकै दिन वा त्यसको भोलिपल्ट सांसदहरूको नाम आउन सक्ने संघीय संसद् सचिवालयको अनुमान छ । संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार शपथग्रहणका लागि नयाँ संसद् भवनभित्रको बैठक हल लगभग तयार भइसकेको छ । साउन्ड सिस्टम जडान भइसकेको छ भने टेबल कुर्सी पनि तयारी अवस्थामा छन् । लाइभका लागि आज मंगलबार भिडियो सिस्टमको परीक्षण छ । अबको ४-५ दिनभित्र हल तयार भइसक्ने बताउँदै गिरीले भने, ' हामी १० गतेपछिको जुनसुकै मितिमा बैठक राख्न सक्ने अवस्थामा छौं,' प्रवक्ता गिरीले भने ।

तर, निर्वाचन आयोगले ५ गते राष्ट्रपतिसमक्ष प्रतिवेदन पेस गर्दा सोही दिन वा त्यसको भोलिपल्ट राष्ट्रपति कार्यालयबाट सांसदहरूको सूची संसद् सचिवालयमा पुग्ने र त्यसको कम्तीमा पनि ५ दिनपछि शपथ कार्यक्रम राख्न मिल्ने प्रवक्ता गिरी बताउँछन् । ' नवनिर्वाचित सांसदहरू आ-आफ्नो जिल्लामा हुन सक्ने सम्भावनालाई ध्यान दिँदै हामीले उहाँहरूलाई शपथका लागि बोलाउँदा ५ दिनको समय दिएर बोलाउँछौं,' गिरीले भने, 'यसरी हेर्दा प्रक्रिया फटाफट अघि बढे पनि चैत १२ पछि मात्र शपथ हुने देखिन्छ ।'

# मधेसवादी दल बढारिएसँगै संघीयता र पहिचानको मुद्दा कमजोर भएको हो ?

विक्रम रत्न

काठमाडौं । २०६२/६३ को जनआन्दोलनको बलमा १ माघ, २०६३ मा जारी गरिएको नेपालको अन्तरिम संविधानमा पहिचान र संघीयताको विषय नउठेको भन्दै उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरमको नेतृत्वमा ५ माघ, २०६३ देखि तराई/मधेसमा आन्दोलन चर्कियो । एक गैरसरकारी संस्थाका रूपमा रहेको फोरमले सुरु गरेको आन्दोलनले बृहत् रूप लिँदै विभिन्न मधेसवादी दलको स्थापना र सहभागितामा पुगेर आन्दोलनले सफलता प्राप्त गर्‍यो । मधेसवादी दलहरूको निरन्तरको आन्दोलनले देशलाई संघीयतामा लाने अवस्था बन्यो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनामा मधेसकेन्द्रित दलहरूको महत्वपूर्ण भूमिका रह्यो ।



२०६४ सालको संविधानसभा चुनावमा सशक्त रूपमा उदाएका मधेसकेन्द्रित दलहरूको प्रभुत्व र वर्चस्व २०७० र २०७४ को चुनावपछि क्रमशः कम हुँदै गए पनि उनीहरूको माग र मुद्दा भने राष्ट्रिय राजनीतिमा प्रमुख एजेन्डा बनिरहेको थियो । ३ असोज, २०७२ मा संविधान जारी भएपछि पनि मधेसवादी दलहरूले आफ्ना हक र अधिकार अझै सुनिश्चित नभएको भन्दै असन्तुष्टि जनाए र आन्दोलनमा गए । उनीहरूले पछिल्लो दिनमा संविधान संशोधनको मुद्दा उठाउँदै आएका थिए । सधैँ राष्ट्रिय राजनीतिको केन्द्रमा रहँदै आएका मधेसकेन्द्रित दलहरू २१ फागुनको प्रतिनिधिसभा चुनावबाट भने पूर्ण रूपमा किनारामा परेका छन् । नवगठित प्रतिनिधिसभामा मधेसकेन्द्रित दलहरूको प्रतिनिधित्व शून्य भएको छ ।

गत २०७९ को चुनावमा जसपा नेपालको १२, जनमत पार्टीको ६, लोसपा नेपालको ४ र नागरिक उन्मुक्ति पार्टीको ३ गरी २५ सिट संख्यासहित मधेसकेन्द्रित दलको एउटा बलियो शक्ति अस्तित्वमा थियो । यस पटकको चुनावमा प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फबाट मधेसकेन्द्रित दलहरू नराम्ररी बढारिए । संघीयताको जननी मानिने मधेसबाट त्यही संघीयता र पहिचानको एजेन्डासहित उदाएका मधेसवादी दलहरू शून्य हुँदा उनीहरूले उठाउँदै आएको एजेन्डामाथि नै प्रश्न उब्जिएको छ । के संघीयता, पहिचान र समावेशिताको मुद्दा अब कमजोर भएको हो ? भन्ने प्रश्न तीव्र बन्दै गएको छ ।

### किन बिउ पनि जोगिएन ?

२१ फागुनमा सम्पन्न चुनावमा तराई/मधेस आन्दोलनको केन्द्रभागमा रहेको मधेस प्रदेशमा प्रत्यक्षतर्फ भएको ३२ सिटमध्ये रास्वपा एक्लैले ३० सिट जित्यो । मधेसकेन्द्रित दलहरूले बिउ जोगाउनसमेत सकेनन् । कांग्रेस र नेकपाले बाँकी १/१ सिट बाँडेर अस्तित्व जोगाउँदा एमाले पनि शून्यमा पुग्यो । मधेसकेन्द्रित दलहरूको दबदबा अन्त्य भएसँगै सो प्रदेशलाई केन्द्रमा राखेर उठाइरहेका आफ्ना माग र मुद्दाको अवस्था के होला भन्ने चिन्ता उनीहरूमा थपिएको छ । तर, रास्वपालाई जिताएका जनता भने निश्चिन्त देखिएका छन् । रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई आगामी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर चुनावमा गएपछि सिंगो मधेसमा बालेनको असाधारण क्रेज देखियो । मधेसको छोरा पहिलो पटक प्रधानमन्त्री बन्ने भएपछि सिंगो मधेसी जनताले उनैको अनुहार हेरेर घन्टीमा भोट खन्याए ।

प्रदेशको अधिकारको सम्बन्धमा रास्वपाले धेरै प्रतिबद्धता पनि गरेको छैन । यद्यपि सुधारिएको प्रादेशिक स्वरुप बनाउने रास्वपाको प्रतिबद्धता छ । प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूपको पक्षमा रास्वपा उभिएको छ । संविधान संशोधनका लागि सरकार बनेको ३ महिनाभित्र बहसपत्र तयार गर्ने र सोही प्रस्तावअनुरूपको छलफल चलाउने रास्वपाको भनाइ छ । यस कोणबाट हेर्दा रास्वपाको सो मुद्दालाई जनताले अनुमोदन गरेका छन् भने मधेसी दलहरूप्रति जनताको विश्वास टुटेको देखिन्छ ।

त्यसो त, गत ५ माघमा जनकपुरमा आयोजित सभालाई सम्बोधन गर्दै बालेनले प्रदेशलाई बलियो बनाउनुपर्ने धारणा राखेका थिए । उनले अधिकार माग्न काठमाडौं गइरहनुपर्ने अवस्थाको अन्त्य गर्ने बताएउँदै भनेका थिए– 'काठमाडौं अधिकार माग्न जाने ठाउँ होइन, दर्शन गर्न जाने ठाउँ मात्र बन्नुपर्छ ।' यसले रास्वपा संघीयताप्रति पूर्ण प्रतिबद्ध छ भन्ने भाष्य स्थापित गर्‍यो । केवल अधिकारका नाममा मधेसवादी दलले थाप्ने ढोक्सामा मधेसी जनताले विश्वास नगरेको विश्लेषकहरूको बुझाइ छ ।

### मतदाताले दल मात्रै फेरे कि मुद्दा पनि ?

मुख्य मधेसकेन्द्रित दल जसपा नेपालले अहिलेको संघीयताले प्रशासनिक संघीयताको मात्रै पक्षपोषण गरेको आरोप लगाउँदै आएको छ । उसले शासकीय स्वरूपमा परिवर्तन, राष्ट्रिय पहिचानमा आधारित संघीयता र प्रादेशिक संरचना निर्माणको एजेन्डा बोकेको थियो । यी विविध विषयको सम्बोधन गर्न उच्चस्तरीय संविधान पुनरवलोकन आयोग गठन गरी उक्त आयोगको सुझावका आधारमा संविधान संशोधन, परिमार्जन तथा पुनर्लेखन गर्नुपर्ने जसपा नेपालको माग थियो । अन्य मधेसवादी दलहरूले पनि संघीयतालाई अझ बलियो बनाउनुपर्ने एजेन्डा बोकेका छन् । ▸▸▸ बाँकी पृष्ठ ९


### नेताहरूले अलग–अलग दोकान खोल्दा मुद्दामै प्रश्न उठ्यो



**रामरिझन यादव**, *विश्लेषक*

संघीयता, समानुपातिक समावेशिताको एजेन्डाप्रति मधेसी जनताको कुनै गुनासो होइन । विमति छैन । मधेसी जनताले पार्टीहरूलाई जुन अभिमत दिएका थिए, त्यस अनुपातमा उनीहरूले काम गर्न नसकेपछि अविश्वास जागेको हो । उपेन्द्र, महन्थ, सिके राउत, राजेन्द्र महतोबीच वैचरिक मतभिन्नता छैन । विचार, दृष्टिकोण एकै भए पनि छुट्टाछुट्टै दोकान खोले । यिनीहरू कहिल्यै मिल्न नसक्ने देखेपछि बालेनलाई प्रधानमन्त्री बनेको हेर्न पनि जनताले घन्टीमा मतदान गरे । मधेसवादी दलहरूले १ सिटसम्म जित्न नसक्नुले लाजमर्दो त भयो नै, हानि पनि भयो । मधेसवादी दलले उठाएको मुद्दामाथि प्रश्न उठेको छ, मुद्दा नै संकटमा परेजस्तो देखिएको छ ।


### रास्वपाको लहरका कारण हार्‍यौं



**मनिष सुमन, नेता**, *जसपा नेपाल*

हाम्रो उपस्थिति ज्यूँका त्यूँ छ । मधेस प्रदेशमा ४५ भन्दा बढी पालिकामा प्रमुख र उपप्रमुख हाम्रै छन् । विभिन्न प्रदेशमा प्रादेशिक संसदीय दल ज्यूँका त्यूँ छन् । प्रतिनिधिसभामा हाम्रो रिक्तता छ । यसलाई कमजोरी ठानेर संघीयता, समानुपातिक समावेशितालाई आघात पुर्‍याउन चाहे सडकमा हाम्रो उपस्थिति सुरक्षित छ । एजेन्डा र संगठनको कमजोरीका कारण हारेका हैनौं । रास्वपाको लहरका कारण हार्‍यौं । एजेन्डा रत्तिभर कमजोर भएको छैन । यो जित बालेनको हो । तर, संघीयता, समानुपातिक, समावेशिताप्रति उहाँको धारणा आएको छैन ।

### हाम्रा त्रुटिप्रतिको जनआक्रोशमा बालेन फ्याक्टरले बल पुर्‍यायो



**केशव झा**, *नेता, राष्ट्रिय मुक्ति पार्टी नेपाल*

हाम्रो एजेन्डा र मुद्दा कमजोर भएको छैन । राजनीतिमा कुनै मुद्दा उठाएपछि समाधान नहुन्जेलसम्म त्यो जीवितै रहन्छ । यस पटक बालेन फ्याक्टरका कारण सुनामी आयो र त्यसले नयाँ, पुराना सबै दलहरूलाई ध्वस्त बनायो । मुद्दाहरू जीवित छन् । हामीबाट त्रुटि पनि भएको छ । हामी अलग-अलग भएको विषय जनतालाई मन परेन । नेतृत्व परिवर्तन पनि खोजेको देखियो । हालसम्म मधेसी प्रधानमन्त्री बन्न पाएको छैन भनेर हामीले भन्दै आएका थियौं । रास्वपाबाट त्यो कुरा आएपछि जनलहर पैदा भयो ।

# समानुपातिक सांसदलाई प्रमाणपत्र पर्सि

काठमाडौं । निर्वाचन आयोगले प्रतिनिधिसभाको समानुपातिक प्रणालीबाट निर्वाचित सांसदहरूलाई चैत ५ गते (पर्सि) प्रमाणपत्र वितरण गर्ने भएको छ । सोमबार समानुपातिकतर्फका ११० सांसदको सूची सार्वजनिक गर्दै आयोगले चैत ५ मा प्रमाणपत्र दिने जनाएको हो । सो दिन बिहान साढे ११ बजे आयोग परिसरमा प्रमाणपत्र प्रदान गरिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए । त्यसअगावै निर्वाचित भएका सबै राजनीतिक दलका सांसदहरूले आज मंगलबार आफ्नो विवरण बुझाउनुपर्नेछ । निर्वाचित सदस्यहरूले सक्कल नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र र २ प्रति पासपोर्ट साइजको फोटो लिएर आयोगको सचिवालयमा रहेको समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित हुन आयोगले भनेको छ ।

फागुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट ६ दलले समानुपातिक सिट पाएका थिए । जसमा रास्वपाले ५७,



कांग्रेसले २०, एमालेले १६, नेकपाले ९, राप्रपाले र श्रम संस्कृति पार्टीले ४/४ सिट पाएका छन् । दलहरूले समानुपातिक बन्दसूचीबाट सोहीअनुसार नाम आइतबार आयोगलाई बुझाएका थिए भने आयोगको सोमबार बसेको बैठकको निर्णयअनुसार निर्वाचित उम्मेदवारहरूको नामावली घोषणा गरिएको थियो ।

# प्रत्यक्षमा शून्य भएको झापाबाट समानुपातिकमार्फत् ३ दलको उपस्थिति



राजेन्द्र गौतम

झापा । प्रत्यक्षतर्फ ५ वटै क्षेत्रबाट रास्वपाले क्लिन स्विप गरेपछि झापामा शून्यमा पुगेका पुराना ३ वटा पार्टीले प्रतिनिधिसभामा समानुपातिकमार्फत् आफ्नो उपस्थिति जनाउन सफल भएका छन् । आफूले पेस गरेको बन्दसूचीबाट समानुपातिक सांसदका लागि निर्वाचन आयोगमा झापाकै व्यक्तिहरूको नाम सिफारिस गरेसँगै संसद्मा ती दलबाट झापाको प्रतिनिधित्व शून्य हुन पाएन । झापाबाट कांग्रेसले सुशीला ढकाल आचार्य र मनमाया विश्वकर्मा (मनु) लाई सिफारिस गरेको छ । ढकाल खसआर्य र विश्वकर्मा दलित कोटामा सिफारिस भएका हुन् । निर्वाचन आयोगले उनीहरू निर्वाचित भएको अन्तिम नामावली सार्वजनिक गरिसकेको छ । यस्तै, एमालेले नीता घतानी र राप्रपाले खुश्बु ओली समानुपातिक सांसद बनेका छन् । फरक-फरक दलबाट घतानी दलित र ओली खसआर्य कोटामा सिफारिस भएका हुन् ।

कांग्रेसले झापामा प्रत्यक्ष र समानुपातिक गरी १० जनालाई उम्मेदवार बनाएको थियो । सो पार्टीले प्रत्यक्षतर्फ झापा-२ बाट सरिता प्रसाईं र झापा-५ बाट मन्धरा चिमरिया पौडेललाई उम्मेदवार बनाएको थियो । प्रसाईं र चिमरिया दुवैको जमानत जफत भएको छ । झापा-३ बाट प्रतिस्पर्धा गरेका कांग्रेस उम्मेदवार राजेन्द्र घिमिरेको पनि जमानत जफत भयो । झापा-१ मा केशवराज पाण्डे र झापा-४ मा देउकुमार थेबे (देउमान) ले भने जमानत जोगाए । थेबे झापा कांग्रेस सभापति र पाण्डे उपसभापति हुन् । यो हारसँगै थेबेको नाममा हारको ह्याट्रिक कायम भएको छ । सोही क्षेत्रबाट उनले लगातार ३ पटक चुनाव हारेका छन् ।

उपसभापति पाण्डेको संसदीय यात्राका लागि यो दोस्रो हार हो । पाण्डेले यसअघि २०७४ सालमा झापा १(१) बाट कोसी प्रदेश सांसदका लागि प्रतिस्पर्धा गरेका थिए । थेबे र पाण्डेलाई सांगठनिक फाँट फापे पनि संसदीय फाँट अफापसिद्ध जस्तै भएको छ । घिमिरेको हकमा पनि संसदीय यात्रा फलदायी हुन सकेको छैन । घिमिरेले यसअघि २०७६ सालमा भएको राष्ट्रियसभा सदस्यको निर्वाचनमा समेत प्रतिस्पर्धा गरेका थिए । त्यसबेला कोसी प्रदेशमा कम्युनिस्ट शक्तिको पल्ला भारी थियो । राजनीतिक पोर्टफोलियो निर्माणकै लागि घिमिरे अन्य कोटामा उम्मेदवार बनेका थिए । हार्ने स्पष्ट हुँदाहुँदै घिमिरेलाई उम्मेदवार बनाइएको त्यसबेला चर्चा चलेको थियो ।

### कसको पृष्ठभूमि कस्तो ?

राप्रपाको सिफारिसमा सांसद बनेकी खुश्बु मध्यम वर्गीय परिवारकी सन्तान हुन् । बेलायतबाट स्नातकोत्तर गरेकी उनी सेलिब्रिटी सामाजिक कार्यकर्ता हुन् । राम्रो प्रशिक्षक, मिस चाइल्ड र मिस टिन विजेता ओलीको रुचि समाजसेवा हो । उनी राजनीतिमा जोडिएको ३ वर्षमै संघीय सांसद बनेकी हुन् । झापामा २०४७ सालमा जन्मिएकी उनीसँग सेल्टर नेपाल जस्ता संस्थामा जोडिएर समाजसेवा गरेको अनुभव छ । कृषि र विकास क्षेत्रमा काम गरेकी उनी अर्थतन्त्र र महिलाको मुद्दामा चासो राख्ने सचेत युवा हुन् । राप्रपाको केन्द्रीय सदस्य र प्रशिक्षण विभाग उपप्रमुखसमेत रहेकी उनको घर (माइती) झापाको कनकाई नगरपालिका-३ हो ।

एमालेबाट समानुपातिक सांसद बनेकी घतानी अनेरास्वविवु हुँदै २०६७ सालमा बिर्तामोड नगरपालिका-२ को एमाले वडा कमिटीमा आबद्ध भएकी युवा हुन् । घतानी २०७२ सालमा बिर्तामोड नगर कमिटी सदस्य बनिन् । त्यसको २ वर्षपछि बिर्तामोड- २ को वडा सदस्यमा निर्वाचित भएकी उनी त्यसलगत्तै जिल्ला कमिटी सदस्य हुँदै विद्यार्थी फाँट इन्चार्ज बनिन् । उनी दलित विद्यार्थी फाँट झापा सचिव हुँदै २०८० मा एमाले कोसी कमिटीमा निर्वाचित भइन् । २०७९ मा भएको अनेर इस्वबियुको २३औं महाधिवेशनमा स्थायी कमिटीमा पराजित घतानी पार्टीको ११औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भइन् । ३५ वर्ष हाराहारी उमेरकी उनी अविवाहित नेतृ हुन् ।

कांग्रेसले समानुपातिक सांसद बनाएकी ढकालको पारिवारिक राजनीतिक पृष्ठभूमि प्रजातान्त्रिक आन्दोलन र धारसँग जोडिएको छ । ▸▸▸ बाँकी पृष्ठ ९

गैरकानुनी सम्पत्ति आर्जन प्रकरण

# पूर्वसांसद चालिसेसँग ५ लाख धरौटी माग

■ सौर्य समाचार



काठमाडौँ । नेपाली कांग्रेसका निवर्तमान सांसद तथा काठमाडौँको गोकर्णेश्वर नगरपालिकाका पूर्वमेयर सन्तोष चालिसेलाई विशेष अदालत, काठमाडौँले ५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । भ्रष्टाचार गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा दायर मुद्दाको पुर्पक्षका लागि अदालतले उक्त धरौटी माग गर्ने आदेश गरेको हो । सोमबार विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासले चालिसेलाई ५ लाख रुपैयाँ धरौटी वा सो बराबरको बैंक जमानत बुझाएर तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको हो । 'पछि प्रमाण परीक्षण गर्दै जाँदा दोषी ठहर भए सोहीअनुसार कारबाही हुने गरी धरौटी लिइएको अदालतको आदेशमा उल्लेख छ । यदि उनले धरौटी रकम वा बैंक जमानत बुझाउन नसकेमा थुनुवा पुर्जी दिई कारागार पठाइने पनि आदेशमा उल्लेख गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चालिसेविरुद्ध अवैध सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दा दायर गर्दै ३ करोड ६८ लाख ४७ हजार ७६१ रुपैयाँ ७१ पैसा बिगो कायम गरेको थियो । आयोगले मंसिर महिनामा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दाको पुर्पक्षका लागि चालिसे सोमबार अदालतमा उपस्थित भएका थिए । प्रतिनिधिसभा नियमावली, २०७९ अनुसार अर्थ समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए-नभएको अध्ययन, अनुगमन तथा मूल्यांकन गर्ने र आवश्यक निर्देशन दिने व्यवस्था छ । यसै समितिको निवर्तमान सभापति रहेका चालिसे आफैँ गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा तानिएका हुन् ।

चालिसे २०७४ देखि २०७९ सालसम्म गोकर्णेश्वर नगरपालिकाको मेयर पदमा कार्यरत थिए । अख्तियारका अनुसार उनी मेयरमा निर्वाचित हुनुअघि उनको बैंक मौज्दात १८ लाख ४० हजार ५२७ रुपैयाँ २४ पैसा थियो । मेयर भएपछि उनले पारिश्रमिकबाट १५ लाख ४९ हजार ६३६ रुपैयाँ २० पैसा बचत गरेको र विभिन्न भत्ताबाट ६ लाख ४० हजार ३३ रुपैयाँ ३३ पैसा आम्दानी गरेको देखिएको छ । त्यसैगरी उनका परिवारका सदस्यहरूको विभिन्न स्रोतबाट आएको आम्दानी पनि अख्तियारले गणना गरेको थियो ।

यसरी समग्र आम्दानी ४ करोड ८८ लाख रुपैयाँ मात्रै देखिए पनि खर्च तथा लगानी ८ करोड ५६ लाख रुपैयाँभन्दा बढी भएकोले ३ करोड ६८ लाख ४७ हजार रुपैयाँभन्दा बढी रकमको स्रोत पुष्टि हुन नसकेको अख्तियारले दाबी गरेको छ । यही रकम गैरकानुनी रूपमा आर्जन गरिएको भन्दै आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । अख्तियारले बयानका लागि बोलाएपछि चालिसेले उक्त रकम ऋण तथा सापटीका रूपमा लिएको दाबी गर्दै तमसुकसमेत पेस गरेका थिए । उनले आफ्नो परिवारका नाममा देखिएको केही खर्च अन्य व्यक्तिबाट भएको दाबी पनि आयोगसमक्ष गरेका थिए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७३।०९।१९ मा दर्ता भएको **प्रा.लि. नं. १६१२०१** को **ए.एण्ड जे. एजुकेशनल कन्सल्टेन्सी** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



राप्ती गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
मसुरीया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८२/१२/०३)

यस कार्यालयले मिति २०८२ माघ २८ गते मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको सूचना अनुसार www.bolpatra.gov.np/egp दर्ता हुनआएका बोलपत्रको मुल्यांकन हुदा तपशिलका बोलपत्र न्युनतम् मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:-

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | न्यूनतम् मुल्यांकित कबोल रकम रु. (VAT & PS सहित) |
|---|---|---|---|
| RRM/NCB/W/20/2082/083 | Lalmatiya Swasthya Chauki Ma Truss Nirman | चन्द्र बिल्डर्स प्रा.लि., राप्ती-०३, दाङ | ३५,३६,२८९.३९ |

प्रमुख प्रशासकीय अधिकृत



Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project of Urban Development and Building Construction, Dhankuta

**Invitation for Bids**

Notice No. 06/082/083
First Date of Publication: 2082/12/03 (17th March 2026).

Project of Urban Development and Building Construction (PUDBC) Dhankuta invites Single Stage Single Envelope procedure, electronic bids from duly eligible and qualified bidders for the procurement of following works under their NCB Procedures. All other information and Bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. Eligible bidders are requested to submit E-bid with the required documents within the period mentioned in E-Bid document

| S. N. | Contract ID. & Name of Procurement | Estimated Amount (With PS & VAT) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 1 | PUDBC/DKT/347010114/082/083-13 Repair and Retrofitting Work of Samudayek Bhawan in Dhankuta-5, Dhankuta Municipality,Dhankuta | 97,39,053.29 | 2,50,000/- | 3,000/- |



टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकशित मिति : २०८२ /१२ /३)

यस कार्यालयको मिति २०८२ /१०/२२ गतेको न्युज २४ राष्ट्रिय दैनिकमा ( प्रथम पटक प्रकाशित) बिधुतिय बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र मुल्याकंन समितिको मिति २०८२/१२/०२ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतीको लागी पेश भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न | ठेक्का नं | आयोजनाको नाम/काम को विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क) र पी.एस सहित रु. |
|---|---|---|---|---|
| १.० | TMO/NCB/53/ROAD/2082/083 | प्रेम बहादुर बि.क को घर देखि जानकी गाउपलिका वडा नं ७ को सिमाना हुदै टी.न.पा वडा नं ३ स्थित रामपुर चौराहाको बाटो कालोपत्रे आयोजना, टिकापुर नगरपालिका वडा नो ३, कैलाली | श्री निदिम निर्माण सेवा, टिकापुर, कैलाली | ५०,१३,६५१.५ |

प्रमुख प्रशासकिय अधिकृत



म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
२०७३
बागमती प्रदेश, नेपाल

**बोलपत्र छनौट गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८२/१२/०३)

यस कार्यालयबाट आह्वान गरिएको तपशिल ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन हुँदा न्युनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राहि देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| S. N. | Contract No. | Description of Works | Bidders Name & Address | Bid amount including VAT and PS amount (NRs) |
|---|---|---|---|---|
| 1. | MRM/NCB/W/ROAD/082/83/02 | Sansare Khola Tudipark hudai Gaupalika Kendra jodne Sadak | Manobigyanrup Nirman Sewa, Myagang 6 Nuwakot | 32,33,130.78 |
| 2. | MRM/NCB/W/ROAD/082/83/03 | Sansare Khola Gaupalika Kendra hudai Plenplen Deurali Manebhanjyang Kispang Gaupalika jodne sadak starunnati | Karmasang s.s.-Brahmaputra JV, Bidur 8 Nuwakot | 1,29,55,936.78 |
| 3. | MRM/NCB/W/BUILDING/082/83/04 | Deurali Mabi Shaikshik Prayogshala Bhawan Nirman | Gongbo Brothers Nirman Sewa And Suppliers Pvt. Ltd., Kispang 5 Nuwakot | 49,03,092.35 |
| 4. | MRM/NCB/W/ROAD/082/83/05 | Nuwakot Jilla Tidufed Bindukeshar Bharengbhurung Sadak Bhautik Nirman Myagang 5 Nuwakot Rimal Dada hudai Nursery jodne Sadak Staruunati | Manobigyanrup Nirman Sewa, Myagang 6 Nuwakot | 17,18,691.56 |
| 5. | MRM/NCB/W/KHANEPANI/082/83/09 | Karkale Chhyurtikhola Pokhari Khanepani Nirman, Myagang 6 | TUDI Construction, Myagang 5 Samari Nuwakot | 58,41,318.87 |
| 6. | MRM/NCB/W/TUDIPARK/082/83/10 | Tudi Aitehasik Park Nirman tatha Saundaryikaran Ward no. 6 | Aashreeya Construction, Katunje-1 Bhaktapur | 1,36,21,970.71 |

प्रमुख प्रशासकीय अधिकृत



अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

**आशयको सात (७) दिने सूचना**

प्रकाशित मिति: २०८२।१२।०२

यस कार्यलयको मिति २०८२।१०।२८ गते प्रथम पटक प्रकाशित Collection and Sales of River Bed Materials of Thulo Nete River (ठेक्का नं.: AM/IR/03/082/083) सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको सिफारिश अनुसार सबै भन्दा बढी रकम कबूल गर्ने बोलपत्रदाताहरु क्रमश श्री Buss Builders Pvt. Ltd. Arjundhara-4, Jhapa ले बोलकबोल गरेको अंक रु.3185800.00 भ्याट बाहेको रकम सिफारिश भएको हुदा प्रचलित कानुन बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८२।१२।०३)

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्वन्धित सबै बोलपत्रदाताहरु को जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-Radhika School-Ward6-W-NCB-29-082/83 | Radhika Ma.Vi. Truss Nirman, ward 6 | श्री इभमन्सी निर्माण सेवा., कनकाई न.पा.-०३ । | ४०,१९,०९२।२४ |

प्रमुख प्रशासकिय अधिकृत



Madhyanepal Municipality
Office Of The Municipal Executive
Bhorletar, Lamjung
Gandaki Provience, Nepal

**Invitation for electronic bids (Sealed Quotation)**

Date of Publication:2082/12/03 (17th March.,2026)

1. MadhyanepalMunicipality, Office Of The Municipal Executive, Bhorletar, Lamjung invites electronic bids from Nepalese duly eligible qualified bidders for the procurement of following works under bids.

| S.N | Contract No. | Description of works & Location | Estimated Amount(NRs) with VAT& P.S. | Bid Security(NRs) Validity Period 75days after bid opening date. | Cost of Bid Documents (NRs) |
|---|---|---|---|---|---|
| 1 | MNM/NCB/SQ/82/83/W/03 | Shahid Park Nirman, Madhyanepal-01, Jita, Lamjung. | 12,60,628.00 | 32,000.00 | 1,000.00 |
| Bid submission Deadline:- 12:00 Noon on 2082/12/18(1st April.,2026) | | | Bid Opening Date 13:00 PM on 2082/12/18(1st April .,2026) | | |

**For Bid document Fee:**Account No.: 0317901210260067
**Account Name:** Madhyanepal Municipality,bhorletar, lamjung. Aantarik Rajaswa Khataa Ga.1.1
**For Bid Bid Security:**Account No.: 0317901210260032
**Account Name:** Staniya Taha Dharauti Khata GA 4.1Bank Name: Agricultural Development Bank, Bhorletar, Lamjung.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Madhyanepal Municipality Tel: 9856016111,9857650117 email: madhyanepalmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

# बञ्चरेडाँडा लैजाने फोहोरको मात्रा घटाउँदै महानगर

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहोरको मात्रा घटाउने उद्देश्यका साथ छुट्टै सुक्खा फोहोर व्यवस्थापन कार्य सुरु गरेको छ । यसका लागि महानगरपालिकाले १० वडाबाट छुट्टै सुक्खा फोहोर व्यवस्थापनको कार्य सुरु गर्न थालेको छ । यसरी सुक्खा फोहोर व्यवस्थापनको कार्य सुरु भएसँगै काठमाडौं उपत्यकाबाट ल्यान्डफिल साइटमा दैनिक करिब ३.१९ मेट्रिक टन कम फोहोर व्यवस्थापन हुन थालेको महानगरको वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईले जानकारी दिइन् ।

महानगरले ३२ वटै वडाबाट घरेलु फोहोरसँगै उत्पादन हुने सुक्खा फोहर बिक्री गर्न आफ्नो भौगोलिक क्षेत्रलाई ७ क्षेत्रमा वर्गीकरण गरेर छुट्टाछुट्टै प्रतिस्पर्धाबाट करसहित वार्षिक ६ करोड ८ लाख ७२ हजार रुपैयाँमा आय ठेक्का लगाएको उनले बताइन् । अहिले महानगर-७, १२, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ वडाबाट सुक्खा फोहोर व्यवस्थापनको कार्य सुरु गरिएको छ । हरेक क्षेत्रमा १-१ वटा फोहोरमैला स्थानान्तरण केन्द्र राखेर सुक्खा फोहोर व्यवस्थापन केन्द्रसमेत राखिएको छ । आय ठेक्का कार्यविधि २०७९ बमोजिम प्रतिस्पर्धीमध्येबाट क्षेत्र नं १ का लागि नेप्सेम्याक सेवा प्रालि छानिएको छ । यस क्षेत्रमा वडा-२, ३, ४, ५ र ७ पर्छन् ।

क्षेत्र नम्बर २ मा प्राक्टिकल वेस्ट सोलुसन प्रालि छनोटमा परेको छ । यसमा वडा-१, ११, २८, २९ र ३० पर्छन् । क्षेत्र नम्बर ३ मा क्रियटिभ सरसफाइ प्रालिले वार्षिक ५५ लाख ३५ हजार ८९१ रुपैयाँ आय ठेक्का कबोल गरेको छ । यस क्षेत्रमा वडा-६, ८ र ९ पर्छन् । क्षेत्र नम्बर ४ मा मेची पोली इन्डस्ट्रीले १ करोड १५ लाख ४ हजार ४०४ रुपैयाँ कबोल गरेको छ । यसमा वडा-१६, १७ र २६ पर्छन् । वडा-१३, १४ र १५ समेटेर क्षेत्र नम्बर ५ मा तोकिएको छ । क्षेत्रका लागि नेपाल ऊर्जा विकास कम्पनीले जिम्मा लिएको छ । वडा-१०, ३१ र ३२ समेटेर क्षेत्र नम्बर ६ तोकिएको छ । यस क्षेत्रमा पोली वेस्ट म्यानेजमेन्टले जिम्मा पाएको छ ।

# ८ महिनामा १६ वटा औषधि पसलविरुद्ध निलम्बनको कारबाही

■ सौर्य समाचार




बाँके । औषधि व्यवस्था विभाग, नेपालगन्जले ८ महिनाको अवधिमा १६ औषधि पसलविरुद्ध निलम्बनको कारबाही गरेको छ । निलम्बनमा परेकामध्ये ११ औषधि पसल बाँकेका र ५ औषधि पसल कैलालीका रहेका छन् । औषधि व्यवस्था विभाग, नेपालगन्जका सूचना अधिकारी दीपा पौडेलका अनुसार आर्थिक वर्ष २०८३/०८३ को साउनदेखि फागुनसम्मको अवधिमा ती पसललाई निलम्बन गरेर कारबाही गरिएको हो । अनुगमनका क्रममा व्यवसायी उपस्थित नभएको, बिनादर्ता औषधि पसल सञ्चालन गरेको, म्याद नाघेका औषधि फेला परेको लगायतका कैफियत देखिएपछि ती पसल निलम्बनमा परेका उनले बताइन् ।

अनुगमनपछि १४ मुद्दासमेत अदालतमा दर्ता गरिएको छ । विभागका फार्मेसी सुपरभाइजर निरीक्षक दिनेशराज न्यौपानेका अनुसार बिनाइजाजत औषधि पसल सञ्चालन गर्ने, दर्ता नभएका औषधि बिनाअनुमति पैठारी गर्ने, अवैध रूपमा औषधि आयात गर्ने तथा औषधिको अनुचित प्रयोग वा दुरुपयोग गर्ने जस्ता कसूरमा मुद्दा दर्ता भएका हुन् । औषधि ऐन २०३५ बमोजिम दफा १० को अनूसूची ९ बमोजिम कसूरअनुसार उनीहरूमाथि कारबाही हुनेछ । यसैगरी, विभागले कार्यालयमा आउने उजुरीको फर्स्यौटमा पनि सक्रियता देखाएको छ । स्थानीय प्रशासनबाट प्राप्त ४ वटै उजुरीको फर्स्यौट गरिसकिएको छ भने नागरिकबाट आएका ६ वटा उजुरीमध्ये ४ वटा उजुरीको टुंगो लगाइसकिएको फार्मेसी सुपरभाइजर न्यौपानेले जानकारी दिए । यस अवधिमा शाखा कार्यालय नेपालगन्जले बजार अनुगमनका क्रममा संकलन गरिएका ४५ प्रकारका औषधि गुणस्तर परीक्षणका लागि काठमाडौं पठाएको छ ।

औषधि व्यवस्था विभागले चालु आर्थिक वर्ष २०८२/०८३ को फागुन महिनासम्म ४४१ औषधि पसलको अनुगमन तथा निरीक्षण गरेको थियो । सो शाखाले लुम्बिनी प्रदेशका ६ जिल्ला बाँके, बर्दिया, दाङ, पूर्वी रुकुम, प्युठान र रोल्पासहित कर्णाली र सुदूरपश्चिम प्रदेशका सबै जिल्लामा रहेका औषधि पसलको अनुगमन तथा निरीक्षणको जिम्मेवारी सम्हाल्दै आएको छ ।

# ‘ओभर लोड’ बोक्ने सवारीचालक धमाधम कारबाहीमा

■ सौर्य समाचार

धादिङ । पृथ्वी राजमार्गमा पछिल्लो समय सवारी अनुशासन कायम गराउन र सडक दुर्घटना न्यूनीकरण गर्न प्रहरीले विशेष सक्रियता देखाएको छ । विशेषगरी क्षमताभन्दा बढी र असुरक्षित तवरले सामान ढुवानी गर्ने अर्थात् ‘ओभर लोड’ बोकेका सवारीसाधनका कारण जोखिम बढेपछि जिल्ला ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा कडाइ गरेको हो । गजुरी क्षेत्रबाट मात्र दैनिक २० भन्दा बढी सवारी चालक कारबाहीमा पर्ने गरेका छन् ।

सोमबार बिहान गजुरी गाउँपालिकास्थित घाटबैंसी नजिकै भएको सवारी जाँचमा नियमविपरीत ओभर लोड बोक्ने १५ भन्दा धेरै सवारी चालकलाई जरिवाना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिशिर थापाले जानकारी दिए । थापाका अनुसार सवारीको अवस्था ठिक नभएका, नम्बर प्लेट छोपिने गरी सामान लोड गरेका र असुरक्षित रूपमा सामान बोकेका सवारी चालकलाई कारबाहीको दायरामा ल्याइएको हो ।

यातायात व्यवस्था ऐनअनुसार तोकिएको भन्दा बढी भार बोक्न वा सवारीको ‘बडी’भन्दा बाहिर सामान निकाल्न पाइँदैन । यस्तो कसुर गर्ने सवारीलाई ट्राफिक प्रहरीले घटनास्थलमै जरिवाना गर्न सक्ने प्रावधान छ । पटकपटक गल्ती दोहोर्‍याएमा चालकको अनुमतिपत्र नै निलम्बनसम्मको गर्न सकिने व्यवस्था छ ।

# मुख्यमन्त्रीलाई घुस मागेको आरोप लगाएका भट्ट पक्राउ



■ सौर्य समाचार

कैलाली । कैलालीको वन निर्देशनलायमा कार्यरत वरिष्ठ डिभिजन वन अधिकृत कृष्णदत्त भट्टलाई प्रहरीले सोमबार पक्राउ गरेको छ । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहमाथि घुस मागेको आरोप लगाउने भट्टलाई जिल्ला प्रहरी कार्यालय कैलालीको टोलीले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाले भट्टविरुद्ध मुख्यमन्त्री शाहका स्वकीय सचिव प्रयागराज खनालले विद्युतीय अपराधसम्बन्धी जाहेरी दिएको आधारमा पक्राउ गरिएको बताए ।

उनका अनुसार भट्टलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ । भट्टले मुख्यमन्त्रीमाथि घुस मागेको आरोप लगाएपछि उद्योग मन्त्रालयले उनलाई स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरण बुझाउन मन्त्रालय पुगेका बेला उनलाई प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ । भट्टले केही दिनअघि सञ्चारमाध्यमलाई दिएको एक अन्तर्वार्तामा भट्टले मुख्यमन्त्री शाहले आफूसँग ५ लाख रुपैयाँ मागेको र रकम नदिएपछि पूर्वाग्राही भएर आफ्नो सरुवा गरिएको आरोप लगाएका थिए ।


**बित्थडचिर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**देउलेख, बझांग**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति: २०८२/१२/०२)**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन् आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ एबम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | बोलपत्रको नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू. (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1. | 05/BCRM/CW/2082/83 | Construction of Gognyad Deulekh Solar Lifting ward 5, Baunali Bungabagar Khanepani Ward 6, Kategau Dhari Khanepani Ward 9, Kadagau Khanepani Ward 8, Pangrad Khanepani Ward 1, Nada Khanepani Ward 3 | श्री सोलार होम्स नेपाल प्रा.लि., काठमाण्डौ | रु ६६,८०,०३६।५३ |

**प्रमुख प्रशासकीय अधिकृत**

**Bethanchok Rural Municipality**

**Office of Rural Municipal Executive**

**Dhungkharka, Kavrepalanchowk**

**Bagamati Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Second Notice Publication: 2082/12/03**

Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhungkharka Kavre invites online electronic bids only from Nepalese eligible bidders for the following bids under sealed quotation procedures.

| S. N. | Contract Identification No:- | Name of Contract | Estimated Amount (Including VAT,PS and Contingencies NRs) | Bid Submission Last Date & Time | Bid Opening Date & Time | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/082/83/WORKS/18Re | Mulkhola Khaharekhola Patikharka River Training | 12,10,180.00 | 2082/12/18 12:00 | 2082/12/18 13:00 | 31,000.00 | SQ |

1. Eligible Bidders may obtain further information at the office of Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhungkharka Kavrepalanchowk.
2. Bidder may download the bidding document for e-submission from PPMO's website. Bidder should deposit the cost of bidding document Rs 1,000 for Bids in the Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.
   Name of bank: Global IME Bank Ltd, Name of Office: Bethanchowk Rural Municipality,
   Account Number: 12204010000005,
   Account Name: GA. 1. 1. AANTARIK RAJASWO KHATA BETHANCHOWK, Reveune Head No: 14229
3. Sealed Quotation must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as mentioned in above table which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

**त्रिवेणी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जुगार, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८२/१२/०३ गते)

यस कार्यालयको मिति Feb. 11, 2026 गते www.bolpatra.gov.np/egp तथा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागी रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागी छनौट गरिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो आशयको सूचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्काको नं. | ठेक्काको विवरण | बोलपत्र सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (पि.एस. र भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| 1. | TRM/ROLPA/WORKS/ROAD/NCB/19/2082/083 | Construction of Motarable Culvert at Chhampasunari Ghattabot Khola and Rural Road Restoration | Feb.11, 2026 | M/S Utsab Nirman Sewa, Kareti -03, Rolpa. | 22,59,280.22 |
| 2. | TRM/ROLPA/WORKS/W/NCB/17/2082/083 | Construction of Water Supply System at Majuwa Gaun and Yari School at TRM,01 Rolpa | | M/S Thurpa Engineering Consultant and Construction Pvt.Ltd, Runtigadhi-07, Rolpa. | 56,85,848.81 |

**प्रमुख प्रशासकीय अधिकृत**

**कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रकाशित मिति २०८२/१२/०३ गते सौर्य दैनिक)

यस कुमारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा., वडा नं. ६ स्थित कित्ता नं. ५१८५, ५८८०, ५८७८ र ५१८२ को क्षेत्रफल क्रमश: ०-१-१३-२, ०-०-६-०, ०-०-१५-१ र ०-०-३-२ (बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा., वडा नं. १० स्थित कित्ता नं. २३०, २३३, २२९ र २३२ को क्षेत्रफल क्रमश: ५१०, ४६६, ३२४ र ४०० (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८२ चैत ०९ गते** सम्म कुमारी बैंक लि.को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं/शाखा कार्यालय विराटनगरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं/शाखा कार्यालय विराटनगरबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ चैत १० गते ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं/शाखा कार्यालय विराटनगरमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सो को भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं/शाखा कार्यालय विराटनगरमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८२ चैत १० गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६१०५**

## सम्पादकीय

# प्रधानमन्त्रीको 'सेतो कपडामा हिलोको छिटो'

करारी हार बेहोरेका राजनीतिक दलहरूले समेत सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गराएको चुनावको विश्वसनीयताप्रति प्रश्न उठाउन सकेका छैनन् । तर नेपाल प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा आदर्शकुमार श्रेष्ठलाई गरिएको नियुक्तिका विषयमा भने ५ माघसम्म यही सरकारको मन्त्री पदमा रहेका नवनिर्वाचित सांसद महावीर पुनले कडा टिप्पणी गर्दै भनेका छन्, 'प्रधानमन्त्रीज्यूले अहिलेसम्म कमाउनुभएको ऐतिहासिक इज्जत र मान-सम्मानलाई यस्तो सानो लोभले गर्दा धुलोमा नमिलाउनुहोस् । यो नियुक्ति शतप्रतिशत गलत छ । यस्तै किसिमको नातावाद, चाकरीवाद, कृपावाद र चापलूसीवादले गर्दा पुराना दलहरू खतम भएका हुन् । यदि नयाँ दलहरूले पनि यही पाराले काम गर्ने हो भने उनीहरू पनि कालान्तरमा मासिनेछन् । म सबैलाई होसियार गराउन चाहन्छु ।' सांसद पुनले मात्रै होइन, प्रधानमन्त्री कार्कीले गरेको यो नियुक्तिको सर्वत्र विरोध भएको छ । गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभाको सांसद बनाउने निर्णयको खासै विरोध नहुनु, तर स्वकीय सचिव श्रेष्ठको नियुक्तिमा यति धेरै नकारात्मक प्रतिक्रिया आउनुको खास कारण 'पद सुहाउँदो व्यक्ति भएनन् कि' भन्ने नै हो । किनकि मुलुकमा गणतन्त्र स्थापना भएयता उक्त कोषको अध्यक्ष पदमा कि त सम्बन्धित विषयमा विद्यावारिधि गरेका विज्ञ रहने, नभए कामचलाउ रूपमा वन तथा वातावरण मन्त्री स्वयं नै रहने अभ्यास थियो । तर यसपटक नियुक्त गरिएका श्रेष्ठले न त प्रकृति संरक्षणका विषयमा कुनै शैक्षिक योग्यता हासिल गरेका छन्, न त यस विषयमा उनलाई कुनै अनुभव नै छ । जबकि कोषको २१ सदस्यीय परिषदमा विभागीय सरकारी निकायका विज्ञहरूका अलावा यसै विषयमा विद्यावारिधि गरेका अन्तर्राष्ट्रिय क्षेत्रका विज्ञहरू रहने व्यवस्था छ । त्यसैले कोषमा गरिएको श्रेष्ठको नियुक्तिलाई 'हाँसको बथानमा बकुल्लो'को संज्ञा दिइनु स्वाभाविकै हो ।

देशभरका संरक्षित क्षेत्रको व्यवस्थापन, वन्यजन्तु अनुसन्धान र संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, सामुदायिक विकास, जैविक विविधता सूचना केन्द्र र चिडियाखाना व्यवस्थापनलगायतका जिम्मेवारी बहन गर्दै आएको प्रकृति संरक्षण कोष अन्तर्राष्ट्रिय जगत्ले निकै चासो दिने गरेका नेपालका थोरै निकायमध्ये एक हो । कोषको वार्षिक बजेट सामान्यतया ८० करोडदेखि १ अर्ब रुपैयाँको हाराहारीमा हुने गरे तापनि ठुलो परिमाणमा अन्तर्राष्ट्रिय सहयोगसमेत प्राप्त हुने भएकाले कोषका अध्यक्षको तलब सुविधा निकै नै आकर्षक छ । त्यही आकर्षणको लोभमा विगतमा वन तथा वातावरण मन्त्रीहरू स्वयं नै कोषको अध्यक्ष बन्न लालायित हुने गरेका थिए । त्यसैले प्रधानमन्त्री कार्कीले आफ्ना स्वकीय सचिवलाई दिएको यो नियुक्ति कोषको उन्नतिका लागिभन्दा पनि आकर्षक सेवा-सुविधाको लोभमा केन्द्रित छ भन्ने टिप्पणी कत्ति पनि गलत होइन । भ्रष्ट र कुशासकको आरोप लागेका विगतका प्रधानमन्त्रीहरूले अन्य क्षेत्रमा जे-जस्ता नियुक्ति गरे पनि अन्तर्राष्ट्रिय क्षेत्रमा लाज बचाउनकै लागि प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा असम्बन्धित व्यक्तिलाई नियुक्ति गर्ने दुस्साहस गरेका थिएनन् । तर जेनजी आन्दोलनको मर्मअनुसार भ्रष्टाचार नियन्त्रण र सुशासनको एजेन्डालाई नमुनाका रूपमा प्रस्तुत गर्ने कार्यभार पाएकी प्रधानमन्त्री कार्कीद्वारा यस्तो गलत नियुक्ति गर्दा चौतर्फी आलोचना हुनु स्वाभाविकै हो ।

प्रधानमन्त्री कार्कीले आफ्ना स्वकीय सचिव श्रेष्ठप्रति धेरै नै मोह राख्छिन् भन्ने कुरा यसअघि नै उजागर भएको हो । स्वकीय सचिव श्रेष्ठले आफन्त भर्तीमार्फत पदको दुरुपयोग गरेको समाचार मिडियामा आएपछि प्रधानमन्त्री कार्कीले सुरुमा 'विश्वासिलो र रातदिन खट्ने व्यक्ति भएको र सुरक्षा तथा गोपनीयताका कारण निकट व्यक्ति छानिएको' भन्दै बचाउको कोसिस गरिन्, तर विरोध थेग्न नसकेपछि उनले आफ्नो निजी सचिवालयको जनशक्तिलाई २० बाट घटाएर ६ जनामा सीमित गरिन् । ढाकछोप नगरी गल्ती सच्याउने प्रधानमन्त्री कार्कीको त्यो कदम सराहनीय मात्रै थिएन, त्यो कदमले उनको उचाइ बढाएको थियो । गल्ती नहुने भगवान्‌बाट हो, मान्छेबाट गल्ती हुन्छ नै । प्रधानमन्त्री कार्कीबाट पनि अहिले प्रकृति संरक्षण कोषमा गरिएको यो नियुक्ति गलत हो । सायद उनले प्रकृति संरक्षण कोषको गरिमा नबुझेकी हुन सक्छिन् । उनलाई कसैले गलत सल्लाह दिएको हुन सक्छ । भुल हुनु मानवीय स्वभाव हो । यदि भुल सच्याइएन भने त्यो गल्ती हो । ऐतिहासिक रेकर्ड कायम हुने गरी निर्वाचन सम्पन्न गराएर वाहवाही पाएकी प्रधानमन्त्री कार्कीको यो सानो भुल यतिबेला सेतो कपडामा लागेको हिलोको छिटोजस्तो देखिएको छ । यो सानो हिलोको छिटो लिएरै बालुवाटारबाट बिदा हुनुको सट्टा यो छिटो पखाल्नु नै प्रधानमन्त्री कार्कीको हितमा छ । यदि श्रेष्ठ प्रधानमन्त्री कार्कीको प्रतिष्ठा नघटोस् भन्ने चाहन्छन् भने सांसद महावीर पुनले भनेझैं पद त्याग गर्नु उपयुक्त हुन्छ ।

# वामपन्थी आन्दोलनको संकट : नेतृत्व र समाजबीचको धरातलीय दुरी



दिनेश रायमाझी

नेपालको वामपन्थी आन्दोलनले अहिले गम्भीर संकटको सामना गरिरहेको छ । यस संकटको मूल कारण सबै वामपन्थी दलहरूको नेतृत्व उभिएको धरातल र समाजको वास्तविक धरातल फरक-फरक हुनु हो । उनीहरूले हिँड्ने गोरेटो पनि फरक बन्दै गइरहेको छ । यी दलहरूले जनता र समाजलाई देखाएको वर्गीय चेतना र जनतन्त्रको सपनालाई आजको समाजले हुबहु स्वीकार्ने अवस्था लगभग अन्त्य भएको हो कि भन्ने देखिएको छ ।

डिजिटलाइज्ड हुँदै गइरहेको समाजलाई अब पुरानै ढर्राबाट मार्गदर्शन र नेतृत्व गर्न नसकिने अवस्था बन्दै गएको छ । सायद यही कारणले गर्दा अहिले राजनीतिक दल र तिनका नेताहरूको हातबाट आन्दोलनको नेतृत्व खोसिएको जस्तो देखिन्छ । आजको समाज उनीहरूको कमान्डमा होइन, बरु वर्षाको भेलले पहाडबाट मैदानतर्फ बाटो खोज्दै बगेजस्तै आफ्नै गन्तव्य र नयाँ नेतृत्व खोज्दै अघि बढिरहेको छ । जनसमाजमा नयाँ आवश्यकता र आकांक्षाको जन्म भएको छ, गत २१ गतेको चुनावी परिणाम यसैको प्रमाण हो ।

समाज र राजनीतिक दलहरूबीच यो दुरी किन उत्पन्न भयो ? के यो सामाजिक चेतनामा आएको परिवर्तनको परिणाम मात्रै हो ? अथवा डिजिटल एल्गोरिदमको दुष्प्रभाव ? वा अरू कुनै संरचनात्मक कारण ? यसको यथार्थपरक जबाफ नखोजी अब अगाडि बढ्न सम्भव छैन र समाजले सहजै विश्वास गर्ने अवस्था पनि देखिन्न । प्रश्न उठ्छ, वामपन्थीहरू आफू जनताको धरातलमा गएर मिसिने कि जनतालाई आफ्नो धरातलमा ल्याउने ? जुनसुकै बाटो रोजे पनि सँगै हिँड्नुको विकल्प छैन । तर, अब कसरी हिँड्ने ? नयाँ परिस्थितिलाई बेवास्ता गर्दै केपी ओली, प्रचण्ड, माधव नेपाल, घनश्याम भुसाल र विप्लवहरूकै अगुवाइमा पुरानै ढर्राले अघि बढ्ने कि नयाँ पुस्ताको आकांक्षा र बदलिएको परिवेशलाई आत्मसात् गर्दै उनीहरूलाई अगाडि सारेर अघि बढ्ने ?

आज वामपन्थी आन्दोलनमा जुन बज्रपात परेको छ, त्यसबाट पार पाउन नयाँ राजनीतिक कार्यक्रम, नयाँ विचार र आन्दोलनको नयाँ कार्यशैली तयार नगरी सुखै छैन । यो संकटको जड निकै गहिरो र बहुआयामिक छ । स्मरणीय छ, नेपालको वामपन्थी आन्दोलनको मुख्य विशेषता नै २००७ सालदेखिको वर्ग संघर्ष, साम्राज्यवाद विरोध र जनतन्त्रका लागि लडेको गौरवपूर्ण इतिहास हो । २०४६ सालको जनआन्दोलन, २०५२-२०६३ सालको माओवादी जनयुद्ध र २०६२/०६३ सालको दोस्रो जनआन्दोलनले नै वामपन्थी आन्दोलनको जग बलियो बनाएका हुन् । यिनै ऐतिहासिक संघर्षहरूले वामपन्थीहरूलाई शक्तिको शिखरमा पुऱ्याए ।

तर, यही अवधिमा वामपन्थी दल र आन्दोलन पटक-पटक विभाजित भए र आन्तरिक रूपमा कमजोर बन्दै गए । विचारधारात्मक अस्पष्टता, नेतृत्व तहमा व्याप्त चरम सत्तालिप्सा, शक्ति प्राप्तिका लागि गरिने गुटबन्दी र व्यक्तिवादी चरित्र नै यो आन्दोलन क्षयीकरण हुनुका प्रमुख कारक हुन् । आन्दोलनको मूल नेतृत्वले शिक्षा, सूचना प्रविधि र वैश्वीकरणको प्रभावले नयाँ पुस्तामा विकास भइरहेको चेतनालाई पटक्कै बुझ्न सकेको देखिएन । यसको प्रकटीकरण २०८२ भदौ २३ र २४ को घटना (जसलाई कतिपयले 'जेनजी आन्दोलन' को संज्ञा दिएका छन्) बाट भएको सत्ता परिवर्तन तथा फागुन २१ को निर्वाचन परिणाममार्फत देखिइसकेको छ ।

मध्यमवर्गीय परिवारको विस्तार, सहरीकरण र युवाहरूको वैदेशिक रोजगारीप्रतिको आकर्षणले समाजको चरित्र नै बदलिदिएको यथार्थलाई वामपन्थीहरूले आत्मसात् गर्न सकेनन् । गाउँबाट सहर र सहरबाट विदेश जाने युवाहरूले व्यक्तिगत सफलता, उपभोक्तावादी संस्कृति र डिजिटल स्वतन्त्रतालाई उच्च प्राथमिकतामा राख्न थालेका छन् । त्यसमाथि 'डिजिटल एल्गोरिदम' ले उनीहरूको सोच्ने तरिकालाई एउटै दिशातिर केन्द्रित गरिरहेको छ, जसलाई पुराना दलहरूले ठम्याउन ढिला गरिसकेका छन् ।

कम्युनिस्ट, समाजवाद र सामाजिक न्यायजस्ता मुद्दाहरू पुराना र अप्रासांगिक मात्र होइनन्, बरु यी 'शत्रु विचार' हुन् भन्ने भाष्य युवाहरूको दिमागमा भर्ने हरप्रयास भइरहेको छ । वामपन्थी सरकारहरूले दलाल पुँजीवादलाई प्रोत्साहन दिएको, भ्रष्टाचारलाई बढावा दिएको र युवा बेरोजगारीलाई सम्बोधन नगरेको कुरालाई 'ठुलो अपराध' का रूपमा पेस गरिँदै छ । यसले गर्दा विचारधाराप्रति नै घृणा उत्पन्न गराउने काम भइरहेको छ, जसले युवाहरूमा रहेको वर्गीय चेतनालाई व्यक्तिगत समस्यामा रूपान्तरण गरिदिएको छ ।

यो डिजिटल एल्गोरिदमको दुष्प्रभाव हो । फेसबुक, टिकटक, इन्स्टाग्राम र युट्युबका एल्गोरिदमले युवा पुस्तालाई निरन्तर व्यक्तिवादी र नवउदारवादी विचारधारातर्फ धकेलिरहेका छन् । एल्गोरिदमले त्यही सामग्रीलाई प्राथमिकता दिन्छ, जसमा धेरै 'इंगेजमेन्ट' हुन्छ । नेपालमा अहिले युवाहरूले बढी रुचाउने सामग्रीहरूमा सफलताका कथा, अनलाइनबाट पैसा कमाउने तरिका, ट्राभल भ्लग र विलासी पुँजीवादी जीवनशैली पर्दछन् ।

वामपन्थी विचारधाराका गम्भीर सामग्रीहरूमा इंगेजमेन्ट कम हुने भएकाले एल्गोरिदमले तिनलाई स्वतः दबाउँछ । अर्कोतर्फ, विरोधीहरूले कम्युनिस्ट नेतृत्वलाई पुरानो, असफल र भ्रष्ट भनेर तीव्र प्रचार गरिरहेका छन् । यसले आममानिसमा 'हो कि क्या हो' भन्ने भ्रम पैदा गरेको छ । नतिजास्वरूप, युवाहरूको मनमा नेतृत्व र समाजवादप्रति अरुचि मात्र होइन, एक किसिमको घृणा र तिरस्कार समेत पैदा भइरहेको छ ।

भदौ २४ गते जसरी नेताहरूका घर छानीछानी जलाउने काम भयो, त्यो यस्तै सञ्चित घृणाको परिणाम हो । सामाजिक न्यायका कुरा केवल भाषणमा सीमित पारिए । बेरोजगारी, महँगी र बढ्दो असमानताको ठोस जवाफ वामपन्थी नेतृत्वले दिन सकेन । यसै कमजोरीलाई वामपन्थीहरूको 'राजनीतिक असफलता' का रूपमा तीव्र प्रचार गरियो । अर्कोतर्फ, डिजिटल एल्गोरिदमले सामाजिक धरातललाई नै आमूल परिवर्तन गरिदिएको छ । आन्तरिक संरचनागत कमजोरीले पनि वामपन्थी दलहरूलाई लगातार क्षयीकरण गरिरहेको छ ।

सत्तामा पुगेपछि वामपन्थी दलहरूले आफ्ना क्रान्तिकारी कार्यक्रमहरू चटक्कै छाडे र 'समृद्धि' एवं 'समावेशी विकास' का यस्ता नारा अघि सारे, जुन व्यवहारतः दलाल पुँजीवादी कार्यक्रमकै निरन्तरता थिए । आर्थिक स्वार्थमा फसेर उनीहरूले दलाल र बिचौलियाहरूसँग सम्झौता गर्ने ऐतिहासिक गल्तीसमेत गरे । ओली सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा होस् वा माओवादी केन्द्रको जनयुद्धको भावना, यी कुनै पनि कुराले वर्तमान युवा पुस्ताको भावना र बदलिएको आवश्यकतालाई समेट्न सकेनन् ।

घनश्याम भुसालको पार्टीको वैचारिकीले पनि जनताको ध्यान आकर्षित गर्न सकेको देखिँदैन । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले 'सशस्त्र संघर्ष'को बाटो रोजे पनि जनसमर्थन हासिल गर्न सकेन । गत फागुन २१ को निर्वाचनमा उनको दलको अवस्था पनि अन्य दलहरूको जस्तै निकै कमजोर (हरिविजोग) देखियो । यदि नेतृत्वले जनताको बदलिँदो चाहना र आवश्यकतालाई सम्बोधन नगरी केवल आफ्नो मनोगत धरातलमा जनतालाई तान्ने प्रयास गरिरह्यो भने, आगामी दिनहरूमा वामपन्थी शक्तिहरू जनताबाट थप अलगथलग हुने निश्चित छ । यसले आन्दोलनलाई अझ कमजोर बनाउँदै लैजाने कुरामा कुनै शंका छैन ।

अब यहाँ मूल प्रश्न उठ्छ, वामपन्थीहरू जनताको धरातलमा गएर मिसिने कि जनतालाई आफ्नो धरातलमा ल्याउने ? नेतृत्वले सर्वप्रथम जनताको वास्तविक धरातल बुझ्नुपर्छ । 'जेन-जी' र मध्यमवर्गीय युवाहरूको मनमा राजनीतिप्रति पलाएको अरुचिलाई सम्बोधन गर्नु अनिवार्य छ । अहिलेको युवा पुस्तालाई पुराना 'कम्युनिस्ट शब्दावली' हरू त्यति प्रिय लागिरहेका छैनन् । तर, उनीहरू सामाजिक न्याय, पर्यावरण संरक्षण, डिजिटल अधिकार र समान अवसरका लागि लड्न भने तयार देखिन्छन् । वामपन्थीहरूले युवाहरूको यही भावनालाई आत्मसात् गर्दै यसलाई २१औँ शताब्दीको समाजवाद, नयाँ राजनीतिक कार्यक्रम र अभ्यासका रूपमा ढाल्नुपर्छ ।

नेतृत्वको प्रश्नमा पनि स्पष्टता जरुरी छ । केपी ओली, प्रचण्ड, माधव नेपाल, घनश्याम भुसाल र विप्लवहरूको अनुभव र इतिहास अमूल्य छ, यसमा कुनै शंका छैन । उनीहरूले क्रान्ति र संघर्षलाई नजिकबाट बुझेका छन्, जुन आगामी दिनका लागि मार्गनिर्देशक बन्न सक्छ । तर, उनीहरूको विगतको इतिहास र अनुभवको कथाले मात्र अबको युवा पुस्तालाई आकर्षित गर्न सक्ने छैन, किनभने समाजको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था धेरै बदलिइसकेको छ ।

नयाँ पुस्तालाई नेतृत्वको अग्रपंक्तिमा नल्याई उनीहरूसँग जोडिन कठिन हुन्छ । त्यसैले, नयाँ नेतृत्वले पुराना अनुभवीहरूको ज्ञान र नयाँ पुस्ताको ऊर्जालाई समायोजन गरेर अघि बढ्नुपर्छ । कम्युनिस्ट संगठनहरूबाट उदाएका युवा नेताहरूलाई मात्र होइन, समाजका विभिन्न क्षेत्रमा सक्रिय प्रगतिशील युवाहरूलाई समेत पार्टीको नीति निर्माण गर्ने तहमा पुऱ्याउनुपर्छ । मेरो विचारमा वामपन्थी आन्दोलनलाई पुनर्जीवित गर्न मुख्य गरी तीनवटा आधारमा काम गर्नु आवश्यक छः

### क) नयाँ राजनीतिक कार्यक्रम :

सबै शक्तिहरू मिलेर नयाँ राजनीतिक कार्यक्रम बनाउनुपर्छ । वर्तमान समयका लागि केवल पुराना कार्यक्रम (वर्ग संघर्ष र साम्राज्यवादको विरोध मात्र) पर्याप्त छैनन् । अब 'समावेशी समाजवाद' को कार्यदिशा तय गर्नुपर्छ । यसमा युवा पुस्ताका लागि रोजगारीका नयाँ अवसर सिर्जना गर्ने, डिजिटल अर्थतन्त्र, स्टार्टअप र हरित उद्योगलाई प्राथमिकता दिने कुरा समेटिनुपर्छ । त्यसैगरी, प्रदेशहरूलाई आर्थिक स्वायत्तता र स्रोतको न्यायोचित वितरणको प्रत्याभूति गर्ने, जलवायु परिवर्तनबाट प्रभावित हिमाली तथा तराई क्षेत्रका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, आरक्षणलाई प्रभावकारी बनाउँदै सामाजिक न्यायलाई आर्थिक न्यायसँग जोड्ने र डिजिटल पारदर्शितामार्फत भ्रष्टाचारको अन्त्य वा न्यूनीकरण गर्ने ठोस योजना ल्याउनुपर्छ ।

### ख) विचारधारा अद्यावधिक गर्ने :

मार्क्सवाद-लेनिनवादलाई २१औँ शताब्दी अनुकूल बनाउन आवश्यक परिमार्जन गर्नुपर्छ । आजको श्रम सम्बन्धमा व्यापक फेरबदल आएको छ, त्यसैले लोकतन्त्र र समाजवाद दुवै सँगै रहने अवधारणा विकास गर्दै सामाजिक न्याय सुनिश्चित गर्ने दिशामा अघि बढ्नुपर्छ । साम्राज्यवादको पनि पुनःपरिभाषा गर्नुपर्ने बेला आएको छ । आजको युग 'डिजिटल पुँजीवाद' को युग हो । एल्गोरिदमको दुष्प्रभावलाई 'डिजिटल वर्ग विभेद' का रूपमा व्याख्या गर्दै त्यसका विरुद्ध 'डिजिटल जनतन्त्र' को अवधारणा अघि सार्नुपर्छ । साथै, नयाँ ढंगको 'सांस्कृतिक क्रान्ति' सञ्चालन गर्दै कला, साहित्य, चलचित्र र सामाजिक सञ्जाललाई वामपन्थी विचारधारासँग जोड्नु आवश्यक छ ।

### ग) आधुनिक कार्यशैली :

संगठन निर्माणको पुरानो 'क्याडर सिस्टम' अब धेरै हदसम्म अप्रासांगिक सावित भइसकेको छ । अब 'डिजिटल मोबिलाइजेसन'को शैली अपनाउनुपर्छ । प्रभावशाली युवा व्यक्तित्वहरूलाई वामपन्थी कार्यक्रमसँग जोड्ने र एल्गोरिदमलाई आफ्नो विचार प्रवाहको पक्षमा प्रयोग गर्ने कला सिक्नुपर्छ । गाउँ-गाउँमा 'जनसंवाद' कार्यक्रम सञ्चालन गरेर युवा, महिला र उत्पीडित समुदायलाई प्रत्यक्ष छलफलमा सहभागी गराउनुपर्छ । प्रगतिशील नागरिक समाजसँग सहकार्य गर्दै २१औँ शताब्दीको 'कम्युनिस्ट स्कुल' मार्फत नयाँ पुस्तालाई वैचारिक रूपमा सुसज्जित पार्नुपर्छ ।

यी आधुनिक पद्धतिहरू अपनाउँदा नेतृत्व र समाजबीचको दुरी घट्नेछ र भुत्ते हुँदै गइरहेको विचारधाराको धारमा 'सान' लाग्नेछ । नेपालको वामपन्थी आन्दोलन अहिले यस्तो अवस्थामा छ, जहाँ बिउ नै सकिन लागेको भान हुन्छ । बिउ नै नरहेपछि ब्याड राख्ने कुरै भएन । त्यसैले यो आन्दोलनलाई पुनर्जीवित गर्न वैचारिक र सांगठनिक दुवै तहमा आमूल परिवर्तन जरुरी छ ।

### निष्कर्ष

वामपन्थी आन्दोलनलाई देखिने र बुझिने गरी लागेको यो धक्का केवल संयोग होइन । यो सामाजिक चेतनामा आएको परिवर्तन, डिजिटल एल्गोरिदमको प्रभाव र नेतृत्वको असफलताको संयुक्त परिणाम हो । तर इतिहास साक्षी छ, वामपन्थी आन्दोलन कहिल्यै मर्दैन, यसले केवल रूप र कार्यशैली बदल्छ । यदि केपी ओली, प्रचण्ड, माधव नेपाल, घनश्याम भुसाल र विप्लवहरूले नयाँ पुस्तासँग हात मिलाउने, जनताको वास्तविक धरातल बुझ्ने र विचारलाई समयसापेक्ष अद्यावधिक गर्दै नयाँ कार्यक्रमसहित अघि बढ्ने साहस गरे भने आन्दोलनले फेरि उचाइ लिने कुरामा आशावादी हुन सकिन्छ ।

आजको क्रूर पुँजीवाद मानवहित र सामाजिक न्यायको विकल्प हुन सक्दैन । यो यथार्थलाई आत्मसात् नगरी अगाडि बढ्ने गल्ती गरियो भने समाजले कसैलाई पर्खने छैन, बरु आफैँ नयाँ नेतृत्व जन्माउनेछ, जसरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय भयो । हामीले स्वीकारे पनि नस्वीकारे पनि, नेपालको आगामी राजनीतिक दिशा 'जेनजी'हरूको सक्रिय सहभागिताले नै निर्धारण गर्ने हो । त्यसैले अब ढिलो नगरी वामपन्थीहरू जनतासँग जोडिने, युवालाई नेतृत्वमा ल्याउने र समाजवादको नयाँ मोडेल तयार गर्ने विकल्पमा जानैपर्छ । यो नै आजको ऐतिहासिक आवश्यकता हो ।

# पुराना राजनीतिक दलहरूको भविष्य र उदीयमान शक्तिको चुनौती



कृष्ण बोहरा

भर्खरै सम्पन्न भएको आमनिर्वाचनले नेपाली राजनीतिमा एउटा ठुलो परकम्प ल्याइदिएको छ । दशकौँदेखि नेपाली राजनीतिको मियो बनेका पुराना दलहरूलाई विस्थापित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुईतिहाइको जनमत आफ्नो पोल्टामा पारेको छ । यो चुनावी नतिजा शक्तिहरूप्रतिको व्यापक असन्तुष्टि र नयाँ विकल्पप्रतिको तीव्र चाहनाको उपज हो । यस ऐतिहासिक मोडपछि पुराना दलका शीर्ष नेतृत्वदेखि तल्लो तहका जिम्मेवार नेताहरूमा एक किसिमको छटपटी सुरु भएको छ । यो छटपटीभित्र नयाँ-नयाँ विचार, नयाँ-नयाँ तर्क र आत्मरक्षाका बहसहरू पनि सँगसँगै सुरु भइरहेको हामीले देखिरहेका छौँ ।

कतिपय नेताहरू अझै पनि विगतकै विरासतमा रमाउन खोज्दै भनिरहेका छन्, 'हामी लडेका मात्र हौँ, फेरि उठ्नेछौँ ।' उनीहरूका लागि यो एउटा सामयिक पराजय मात्र हो । 'जीवनमा हार-जित भइरहन्छ, आत्तिनुपर्ने केही छैन' भन्दै कार्यकर्ताको चित्त बुझाउने मेसो पनि चलिरहेकै छ । कोही नेताहरू त अझ अघि बढेर 'बिउ भएसम्म टुसा आउँछ' भन्दै आफ्ना निराश कार्यकर्तालाई सान्त्वना दिइरहेका छन् । तर, यी सबै कुराहरू आफैँलाई सान्त्वना दिने र आफ्ना समर्थकहरूलाई पूर्ण निराशाको खाडलबाट जोगाउन दिइने एउटा मनोवैज्ञानिक उपचार मात्र हुन् । प्रमुख सवाल अब के होला भन्ने हो ? के पुराना पार्टीहरू पुनः पहिलेकै अवस्थामा उठ्न सम्भव होला कि नहोला ? पार्टीका शीर्ष नेताहरू र दशकौँदेखि पार्टीमा रगत-पसिना बगाएका लाखौँ लाख कार्यकर्ताहरूको अबको बाटो के होला ? त्यो नै आजको सबैभन्दा पेचिलो र महत्त्वपूर्ण प्रश्न बनेर खडा भएको छ ।

निर्वाचनको परिणाम सार्वजनिक भएसँगै कतिपय पुराना नेता तथा कार्यकर्ताहरूले एउटा नयाँ भाष्य निर्माण गर्ने कोसिस गरिरहेका छन् । उनीहरू भन्छन्, 'यो चुनाव नेपाली जनताले जितेका होइनन्, विदेशी शक्तिहरूले जितेका हुन् । अब अमेरिका र युरोपेली देशहरूले नेपालको भूमिमा रणनीतिक खेल खेल्नेछन् ।' अझ कतिपयले त यसलाई विश्व राजनीतिको तनावसँग जोड्दै भनिरहेका छन् कि, 'भर्खरै अमेरिका र इजरायलद्वारा इरानमा भएको हमलापछि सिर्जित परिस्थितिका कारण पश्चिम एसियाली देशहरूको जस्तै हविगतबाट नेपाल पनि गुज्रिनेछ ।'

> भद्र नेता मनमोहन अधिकारीको पालामा सुरु गरिएको 'वृद्धभत्ता' र 'आफ्नो गाउँ आफैं बनाऊँ' जस्ता कार्यक्रमले कम्युनिस्ट पार्टीलाई गाउँगाउँमा लोकप्रिय बनायो

उनीहरूको तर्क सुन्दा यस्तो लाग्छ कि अहिले जितेर आउने रास्वपा पूरै अमेरिकाबाट सञ्चालित कठपुतली हो । आफूहरू मात्रै खाँटी राष्ट्रवादी र स्वदेशी शक्ति हौँ भन्ने कुराको विज्ञापन चुनावअघि र पछि पनि भइरहेकै छ । तर, तपाईंलाई के लाग्छ ? साँच्चै कुरो यस्तै हो त ? के पुराना सबै राष्ट्रवादी र नयाँ जति सबै विदेशीका गोटी हुन् त ? कसैको कुरामा बहकिनु र धारणा बनाउनुअघि हामी आफैँले एकपटक गौर गरेर सोच्नु आवश्यक छ । राजनीतिक पार्टीहरूले प्रचार गर्ने कुराहरू सधैँ आफ्नो दलीय स्वार्थ र सत्ताको रोटी सेक्ने उद्देश्यले प्रेरित हुन्छन् ।

हामीले बिर्सनु हुँदैन कि, के पुराना दलहरू राष्ट्रवादी शक्ति भएर सरकारमा रहँदा देशका सबै समस्या समाधान भएका थिए त ? के त्यतिबेला वैदेशिक हस्तक्षेप शून्य थियो ? हरेक साना-ठूला राजनीतिक मामिलामा हाम्रा पुराना नेताहरू बेलाबेलामा विदेशी दूतावासमा गई परामर्श गर्ने, गोप्य छलफल गर्ने र भोजभतेरमा सरिक हुने गरेका अनेकौँ उदाहरणहरू सार्वजनिक भएकै हुन् । त्यसैले, नयाँ शक्तिलाई विदेशीको ट्याग लगाउनुअघि पुराना शक्तिले आफ्नो विगतको आचरणलाई पनि ऐनामा हेर्नु जरुरी छ ।

अहिलेको नयाँ पुस्ताका नेताहरूको कार्यशैलीले पुराना दलहरूको 'विदेशी एजेन्ट' भन्ने आरोपलाई कतिपय ठाउँमा चुनौती दिइरहेको छ । जस्तै, भर्खरै आएको खबरअनुसार जेनजी आन्दोलनका नेता भनिएका सुदन गुरुङले चुनाव जितेर आइसकेपछि राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गर्दै सम्मान व्यक्त गरे । पृथ्वीनारायण शाहलाई सम्मान गर्नु भनेको यो देशको जगलाई सम्मान गर्नु हो । किनकि आधुनिक नेपालको एकीकरण उनकै नेतृत्व र भिजनबाट सम्भव भएको हो । पृथ्वीनारायण शाहको दिव्योपदेशमा उल्लिखित स्वदेश नीति र विदेश नीतिलाई यदि आजको सन्दर्भमा व्यावहारिक रूपमा लागू गर्ने हो भने नेपालको भविष्य उज्ज्वल बन्ने निश्चित छ । यसैले 'पृथ्वीपथ'लाई हामीले पनि सम्मान गर्नुपर्छ । यस अर्थमा सुदन गुरुङ जस्ता युवाहरूलाई विदेशीको गोटी भन्नुअघि उनीहरूको राष्ट्रवादी चेतलाई बुझ्नुपर्ने हुन्छ ।

त्यसैगरी, रास्वपाका नेता शिशिर खनालले हालै बिबिसीसँगको अन्तर्वार्तामा नेपालको परराष्ट्र नीतिबारे प्रस्ट पार्दै भनेका छन् - 'नेपालको परराष्ट्र नीति हाम्रो संविधानमा उल्लेख भएअनुसार नै असंलग्न रहनेछ ।' भारत, चीन र अमेरिकासँगको सन्तुलन कसरी मिलाउने भन्ने विषयमा उनको दृष्टिकोण परिपक्व देखिन्छ । यसले बाहिर फैलाइएको त्यो अफवाहलाई खण्डित गरिदिएको छ, जसमा रास्वपाले जितेपछि नेपालमा वैदेशिक हस्तक्षेप ह्वात्तै बढ्नेछ र नेपाल कुनै एक शक्ति राष्ट्रको पक्षमा ढल्किनेछ भनिएको थियो । जनताले परिवर्तनकामी आन्दोलनहरूलाई सधैँ काँध थापेका छन् । २००७ सालको राणाविरोधी आन्दोलन होस्, २०४६ सालको पञ्चायतविरोधी जनआन्दोलन होस् वा २०६२/०६३ सालको दोस्रो जनआन्दोलन–जनताले ज्यानको बाजी थापेर साथ दिएकै हुन् । संसदीय इतिहासलाई हेर्ने हो भने पनि नयाँ गर्छु भन्ने जुनसुकै शक्तिलाई नेपाली जनताले बहुमत दिएर सत्ताको साँचो सुम्पिएका छन् । २०१५ सालमा बिपी कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसलाई दुईतिहाइ बहुमत दिएकै हुन् । २०४६ सालको परिवर्तनपछि पनि कांग्रेसलाई नै देश बनाउने अवसर दिइएको थियो । २०५१ सालको मध्यावधि निर्वाचनमा जनताले एमालेलाई सबैभन्दा ठुलो पार्टी बनाए, जसका कारण मनमोहन अधिकारीको नेतृत्वमा लोकप्रिय अल्पमतको सरकार बन्यो । २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा नेकपा (माओवादी) ले ल्याएको आमूल परिवर्तनको एजेन्डालाई पत्याएर जनताले उसलाई सबैभन्दा ठुलो शक्ति बनाए । तर, विडम्बना ! सबै खालका पार्टीहरू र तिनीहरूको सत्ता सञ्चालनको शैली हेरेर वाक्क-दिक्क भएका जनताले यसपटक रास्वपालाई आशाको नजरले हेरेका हुन् । यद्यपि, रास्वपाले यो पनि बुझ्नुपर्छ कि जनताले सधैँका लागि कसैलाई 'ब्ल्यांक चेक' दिँदैनन् । आजको यो जनलहर कति समयसम्म रहन्छ भन्ने कुरा रास्वपाले देशका वर्तमान जल्दाबल्दा समस्याहरूलाई कसरी सम्बोधन गर्छ भन्नेमा निर्भर गर्दछ ।

नेपाल मात्र होइन, संसारभरिका जनता सकारात्मक परिवर्तनको पक्षपाती हुन्छन् । यस्तो परिवर्तन, जसले आममानिसको दैनिक जीवनमा गुणात्मक सुधार ल्याओस् । सन् १९९० को दशकसम्म आइपुग्दा संसारभरिबाट कम्युनिस्ट सत्ताहरू ढल्दै थिए । तर, नेपालमा मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद' को नयाँ विचार ल्याएर कम्युनिस्ट आन्दोलनलाई नयाँ जीवन दिए । यस विचारलाई लिएर तत्कालीन कट्टरपन्थी कम्युनिस्ट नेताहरूले धेरै आलोचना गरे तापनि नेपाली जनताका लागि यो एउटा मौलिक र लोकतान्त्रिक विचार थियो ।

मदन भण्डारीले भनेका थिए, 'हामी जुत्ताको नापअनुसार खुट्टा काट्दैनौँ, बरु खुट्टाको नापअनुसार जुत्ता बनाउँछौँ । जीवन सिद्धान्तका लागि होइन, सिद्धान्त जीवनका लागि हो ।' उनको भाषण गर्ने शैली, तार्किक क्षमता र 'जबज' जस्तो नवीन विचारले नेपाली समाजमा निकै ठुलो प्रभाव पाऱ्यो । टुँडिखेलको खुला मञ्चमा उनको भाषण सुन्नकै लागि लाखौँ मानिसहरू ओइरिन्थे । उनकै कारण मानिसहरू कम्युनिस्ट पार्टीमा आबद्ध हुन्थे । यो कुरा विपक्षी दल, विशेष गरी नेपाली कांग्रेसका तत्कालीन नेता गिरिजाप्रसाद कोइरालाका लागि ठुलो टाउको दुःखाइको विषय बनेको थियो । मदन भण्डारीको अवसानपछि पनि एमालेको लोकप्रियता घट्न सकेन । भद्र नेता मनमोहन अधिकारीको पालामा सुरु गरिएको 'वृद्धभत्ता' र 'आफ्नो गाउँ आफैँ बनाऊँ' जस्ता कार्यक्रमले कम्युनिस्ट पार्टीलाई गाउँ-गाउँमा लोकप्रिय बनायो । तर, पछिल्ला वर्षहरूमा कम्युनिस्ट नाम गरेका पार्टीहरू सत्तामा पुगेपछि उनीहरूको आचरण फेरियो । घुसखोरी, भ्रष्टाचार र बेथितिहरू झन् मौलाए । कम्युनिस्ट पार्टी सत्तामा आए पनि बेथिति रोक्न कुनै प्रयत्न भएन । यसले गर्दा जनतामा चरम वितृष्णा पैदा भयो ।

२०७४ सालको निर्वाचनमा एमाले र माओवादी केन्द्र मिलेर चुनावी तालमेल गर्दा जनतामा फेरि एकपटक आशाको सञ्चार भएको थियो । झन्डै दुईतिहाइको बहुमतसहित बनेको नेकपाको सरकारले देशमा स्थिरता ल्याउने, भ्रष्टाचार अन्त्य गर्ने र युवालाई स्वदेशमै रोजगारी दिने विश्वास गरिएको थियो । तर, त्यो सरकारले जनताको आशामा तुषारापात गरिदियो । शीर्ष नेताहरूको व्यक्तिगत टकराव, जुँगाको लडाइँ र शक्तिको बाँडफाँटमा केन्द्रित लुछाचुँडीले गर्दा देशले फेरि अस्थिरता बेहोर्नुपऱ्यो । नेकपा फुट्यो र फेरि उही पुरानै सत्ताको खेल सुरु भयो । यो सबै रमिता नेपाली जनताले आफ्नै आँखाले प्रत्यक्ष देखे । त्यसैले, अहिलेको परिणाम कम्युनिस्ट वा कांग्रेसको हार मात्र होइन, यो त उनीहरूको कार्यशैलीप्रतिको सजाय हो ।

स्थानीय तहको निर्वाचनमा हर्क साम्पाङ, बालेन शाह र गोपी हमाल जस्ता स्वतन्त्र उम्मेदवारहरूको उदयले नेपाली राजनीतिमा एउटा स्पष्ट सन्देश दियो - 'जनता विकल्प खोजिरहेका छन् ।' रवि लामिछानेले रास्वपा दर्ता गरेपछि र बालेन्द्र शाहलाई एउटा 'ब्रान्ड' का रूपमा अगाडि सारेपछि सहरिया मध्यम वर्गदेखि गाउँका युवाहरूसम्म 'घण्टी' चिह्नतिर आकर्षित भए । मानिसहरूले उम्मेदवार को हो भन्दा पनि एउटा आशा र प्रतीकका रूपमा भोट हाले ।

अब प्रश्न उठ्छ, पुराना पार्टीहरूको भविष्य के होला ? विशेष गरी कम्युनिस्ट पार्टीहरूले अब गम्भीर समीक्षा गर्नै पर्छ । संसद्‌बाटै कम्युनिस्ट शासन सत्ता हासिल गर्न सकिन्छ भन्ने मदन भण्डारीको प्रयोग उनीहरूका उत्तराधिकारीहरूको गलत आचरणले गर्दा असफल हुने संघारमा पुगेको छ । अब 'हामी राम्रो गर्नेछौँ' भनेर मात्र जनताले पत्याउने छैनन् । रास्वपा वा अन्य नयाँ शक्तिले यदि सरकारमा गएर राम्रो डेलिभरी दिन सकेनन् भने मात्र पुराना पार्टीहरूको पालो आउने हो । तर, त्यो पालो पनि जनताले खुसीले दिने छैनन्, बरु विकल्प नभएको अवस्थामा विस्मातले दिने भोट मात्र हुनेछ । यदि नयाँ शक्तिले पनि पुरानै गल्ती दोहोऱ्याउने हो भने देश झन् ठुलो राजनीतिक संकटमा फस्नेछ । त्यसैले, अहिलेको समय सबैका लागि आत्मालोचना गर्ने र जनताको सेवामा समर्पित हुने अन्तिम मौका हो ।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | वृद्धि । | मिथुन | विवाद । | सिंह | सुख । | तुला | वृद्धि । | धनु | विजय । | कुम्भ | रोग मुक्त । |
| वृष | सम्मान । | कर्कट | कष्ट । | कन्या | आनन्द । | वृश्चिक | बाधा । | मकर | रोग । | मीन | चिन्ता । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# Tikapur Municipality
## Office of the Municipal Executive
**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

**Notice For Financial Bids Opening**

**Date of Publication :- 17th, March, 2026 (2082-12-03)**

1. Pursuant to rule 31(nga),Sub Rule (5) of Public Procurement Regulation 2064 ( including amendments ), This is hereby notified to all concerned bidders who bided as per our notice dated 23rd,Janaury,2026 A.D.( 2082-10-09 B.S.) on " The Himalaya Times National Daily Newspaper " that the list of successful bidders in technical proposal has been listed below :

| S. N. | Contract identification Number | Name of Work | Name and Address of Successful Bidders |
|---|---|---|---|
| 1.0 | TMO/NCB/50/ BUILD./2082/083 | Construction of Residential Building Works (Aawas Karyakram Dalit and Janajati Basti at Pratipur and Bangaun), Tikapur Municipality Ward No.7 and 8, Kailali | 1. J.B. Nirman Sewa, Ghodaghodi Municipality Ward No. 10, Kailali.<br>2. P.P.-Shubh-G.N.S. J.V. , Lamki-Chuha Municipality -1, Lamki, Kailali.<br>3. Pashupati Construction , Dhangadhi Sub Metropolitian City, Ward No. 7, Dhangadhi, Kailali. |

2. Persuant All the Qualified Bidders in Technical Bids are therefore, notified to attend in financial bid opening on 24th, March,2026 ( 2082-12-10 B.S.) 14.00 hours at Tikapur Municipality, Office of the Municipal Executive , Tikapur, Kailali.

**Chief Administrative Officer**

# कमलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कमलबजार, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना**

**(प्रकाशित मितिः २०८२।१२।०३)**

यस नगरपालिकाबाट तपसिलको कार्यका लागि राष्ट्रिय दैनिकमा मिति २०८२/१०/०४ गते प्रकाशित ई-बिड E–Bid) बोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकार वालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं.-योजनाको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| १ | IFBNO:KBM/ACHHAM/MED/NCB/G/05/082-083 procurement of Supply and Delivery of Medicine | Mansarovar medihealth pvt ltd | 15,55,801.49 |

**लोक बहादुर शाही**
**नि. प्रमुख प्रशसकिय अधिकृत**

# Dudhauli Municipality
## Office Of The Municipal Executive
**Dudhauli, Sindhuli**
**Bagamati Province, Nepal**

# Invitation for E-Bids

**First Date of publication: 2082/12/03**

1. **Dudhauli Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the construction of **following work** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli Municipality-9,Dudhauli, Sindhuli,** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Bidding Details**

| S. N. | Contract identification and number | Description of works | Estimated Value(Without VAT, General Items and Contingencies) | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | Ward08/NCB/ 08/2082/83 | Construction of Cold Chamber | 22,63,494.44 | 72,500.00 | |

**Chief Administrative Officer**

# तीनपाटन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यलय
**लाम्पन्टार, सिन्धुली**
**बागमती प्रदेश ,नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशन मितिः२०८२/१२/०३)

यस कार्यालयको मिति २०८२/१०/२६ गते राष्ट्रिय दैनिक र www.bolpatra.gov.np/egp मा निम्न कार्यको बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतीको लागी छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२)र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत व्यवसायीको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट समेत) |
|---|---|---|---|---|
| १. | TRM/W/NCB/ 08/2082/083 | वडा नं. ८ गोदार नवलपुर सडक खण्ड अन्तर्गत पर्ने तिल्पुङ चौकी बजार खोरभन्ज्याङ हुदै पिपलटार सडक स्तरोन्नती । | आरुसी निर्माण सेवा, तीनपाटन-५, सिन्धुली | २२,८६,०६१।३४ |
| २. | TRM/W/NCB/ 09/2082/083 | जिरायत ढुङ्गा खरुकीडाँडा थाप्ले सडक स्तरोउन्नती, तीनपाटन-९, सिन्धुली । | दिप स्क्वायर कन्ट्रक्सन, कमलामाई न.पा.-०६, सिन्धुली | १,२४,६९,१३८।३५ |
| ३. | TRM/W/NCB/ 10/2082/083 | चकमके भन्ज्याङ गाउँपालिका हुदै लाम्पनटार सम्म सडक स्तरोन्नति, तीनपाटन-१०, सिन्धुली । | रेमण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि., कमलामाई न.पा.-०६, सिन्धुली | १,१३,२३,०३६।२२ |

**प्रमुख प्रशासकिय अधिकृत**

# अब राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बिमा सेवा

**सौर्य समाचार**




काठमाडौं । राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बिमा सेवा उपलब्ध हुने भएको छ । स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेल र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेबीच सोमबार राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बिमा सेवा प्रवाह गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको हो । बोर्डका सूचना अधिकारी विकेश मल्लले समझदारीअनुसार राष्ट्रिय परिचयपत्र नम्बरमार्फत नागरिकको पहिचान डिजिटल रूपमा प्रमाणीकरण गरी स्वास्थ्य बीमा प्रणालीलाई अझ सुरक्षित, छिटो, विश्वसनीय बनाइने बताए ।

'अहिलेको सम्झौताअनुसार बोर्ड र विभागको तथ्यांकलाई एकीकृत गर्नेछौं,' उनले भने, 'त्यसपछि हामीले राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्नेछौं ।' उनले आगामी चैत २५ गतेदेखि राष्ट्रिय परिचयपत्रका आधारका दर्ता र नवीकरण हुने बताए । स्वास्थ्य बिमा बोर्डमा अहिले १ करोड २ लाख बीमित आबद्ध रहेका छन् । अहिले नागरिकता र चालक अनुमतिपत्रका आधारमा स्वास्थ्य बिमा गर्ने गरिएको छ ।

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।**

(सूचना प्रकाशित मिति २०८२/१२/०३ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक)

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न शिर्षक अन्तरगत लिनुभएको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने अवधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८१/१२/१२ गते मंगलबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/०१/१५ गते सोमबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचनाहरु वमोजिम कर्जा चुक्ता भुक्तान नगरेको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचकना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/१२/१८ गते बुधवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा ब्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** मध्यविन्दु नगरपालिका नगरकार्यपालिकाको कार्यालय चोरमारा, नवलपरासी (वर्दघाट सुस्ता पुर्व)मा स्थानिय सरकार संचालन ऐन, २०७४ वमोजिम मिति २०७६/११/०५ गते दर्ता नं. १३९१/०७६/०७७ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय कावासोती नवलपरासीबाट मिति २०७६/११/०६ मा करदाताको नाम चोप बहादुर थारु कारोवारको नाम लोक्स इन्टरप्राईजेज भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१३०७५८५५ को प्रमाणपत्र प्राप्त **लोक्स इन्टरप्राईजेज** ।

फर्मको ठेगाना : नवलपरासी (वर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु नगरपालिका वडा नं. ८, लेढा ।

**प्रोप्राइटर तथा जमानतकर्ता : चोप बहादुर थारु** (ना.प्र.नं. १९३९२, जारी मिति २०३६।०१।१८, जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल ऐ. जिल्ला मध्यविन्दु नगरपालिका वडा नं.३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : विर बहादुर थारु । बाजे : दुलारी थारु ।

**जमानतकर्ता : पवित्रा देवि थारु** (ना.प्र.नं. २९५३७, जारी मिति २०४६/०१/११ जि.प्र.का. नवलपरासी) ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल ऐ.जि. मध्यविन्दु नगरपालिका वडा नं. ३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : दुविलाल महतो । पति : चोप बहादुर थारु । ससुरा : विर बहादुर थारु ।

**जमानतकर्ता : माया देवि महतो** (ना.प्र.नं ३६२००६/१३९८, जारी मिति २०७०/०६/०९ जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल ऐ. जि. मध्यविन्दु नगरपालिका वडा नं. ३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : टेक बहादुर महतो । पति : लोकमान महतो । ससुरा : चोप बहादुर थारु ।

**जमानतकर्ता : लोकमान महतो** (ना.प्र.नं ३६३०२७/६०३, जारी मिति २०६३/१०/१९, जि.प्र.का. नवलपरासी) ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल ऐ. जिल्ला मध्यविन्दु नगरपालिका वडा नं. ३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : चोप बहादुर थारु । बाजे : विर बहादुर थारु ।

**२. ऋणी : चोप बहादुर थारु** (ना.प्र.नं १९३९२, जारी मिति २०३६।०१।१८, जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल ऐ. जिल्ला मध्यविन्दु नगरपालिका वडा नं.३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : विर बहादुर थारु । बाजे : दुलारी थारु ।

**जमानतकर्ता : पवित्रा देवि थारु** (ना.प्र.नं २९५३७, जारी मिति २०४६/०१/११, जि.प्र.का. नवलपरासी) ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल ऐ.जि. मध्यविन्दु नगरपालिका वडा नं. ३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : दुविलाल महतो । पति : चोप बहादुर थारु । ससुरा : विर बहादुर थारु ।

**जमानतकर्ता : माया देवि महतो** (ना.प्र.नं. ३६२००६/१३९८, जारी मिति २०७०/०६/०९ जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल ऐ.जि. मध्यविन्दु नगरपालिका वडा नं. ३, लेढा (बर्दघाट सुस्ता पुर्व) । बाबु : टेक बहादुर महतो । पति : लोकमान महतो । ससुरा : चोप बहादुर थारु ।

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. चोप बहादुर थारुको नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८ नक्सा सीट नं. ८/क स्थित कित्ता नं. ९६८ र ११४५ को क्षेत्रफल ०-१-१९ र ०-१-९ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१
२. ऋणी लोक्स इन्टरप्राइजेजको स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण...१

**३. ऋणीः लाल बहादुर थारु** (ना.प्र.नं ३६८३८, जारी मिति २०६०/११/१७, जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा. वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ । बाबु : बुधिराम थारु । बाजे : सोमलाल थनेत ।

**जमानतकर्ता : गीता कुमारी थारु** (ना.प्र.नं ३६-२-०२७/६०, जारी मिति २०६४/०२/२८, जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा. वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ । बाबु : मित्र बहादुर थारु । पति : लाल बहादुर थारु । ससुरा : बुधिराम थारु ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. ऋणी लाल बहादुर थारुको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८क, स्थित कित्ता नं. १०९९ क्षेत्रफल ०-५-१५.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
२. गीता कुमारी थारुको नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ख, कित्ता नं. ४३४ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१

**नोट : धितो वापत यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)को नाममा रहेका निम्नानुसारको सवारी साधन यस बैंकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।**

- प्रदेश सरकार, प्रदेश नं. ५, भौतिक पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.)को नाममा दर्ता भई धनी यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी लाल बहादुर थारु रहेको लु ४ त ३८२१ ईन्जिन नं. NKM5FAE0055 च्यासिस नं. KMNTB2327DB2 को ट्रेक्टर ....१
- प्रदेश सरकार प्रदेश नं. ५ भौतिक पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था कार्यालय, रुपन्देही, नेपालमा यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.)को नाममा दर्ता भई धनी यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी लाल बहादुर थारु रहेको लु ४ त ३८६३ ईन्जिन नं. NKM5FAE0053, च्यासिस नं. KMNTB2333DB2 को ट्रेक्टर ..................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)** बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** सम्पर्क राख्न सकिनेछ ।

prabhu bank

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

# Shree Manakamana Comunity Forest User Group

**Banganga-1,2, Kapilvastu**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**Date of Publication :2082-12-03**

1. Shree Manakamana Community Forest User Group Office invite eligible for the contracts named below .

| S. No | Contract Package No/Works | Bid Security Amount (Nrs.) | Fee For Bid Document | Estimated Amount without Vat |
|---|---|---|---|---|
| 1 | 4/SQB/SMC/82-83, Tikani Dekhi Deurali Ghat Ra Pharmacy Kshetra Tarbar Ban Kshetrama | 25,000.00 | 1,000 | 8,62,962.23 |
| 2 | 5/SQB/SMC/82-83, Samuhako Bhawan Agadi Dekhi Eco Park Bhitrako Picnic Spot Samma Interlock Block | 18,000.00 | 1,000 | 6,03,346.19 |
| 3 | 6/SQB/SMC/82-83, Simsar, Pokhari Banyajantuka Lagi Pokhari Nirman Eco Park | 25,000.00 | 1,000 | 8,62,557.23 |

2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank : Rastriya Banijya Bank.**
**Name of Office : Shree Manakamana Comunity Forest User Group**
**Account No. : 3110100010317001**

इनिशा हत्या प्रकरण

# दोषीलाई कानुनी दायरामा ल्याउन पीडित परिवारको माग

**सौर्य समाचार**

काठमाडौँ । बालिका इनिशा विक हत्यासम्बन्धी घटनाको शीघ्र छानबिन गरी संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेको छ । पीडित परिवारका तर्फबाट इनिशा विकका दाइ चन्द्रबहादुर विक र तपेन्द्र विकले सोमबार गृहमन्त्री ओमप्रकाश अर्याललाई भेट गरी घटनाको सत्यतथ्य सार्वजनिक गरी दोषीलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउन आग्रह गरेका हुन् । साथै, यस्ता प्रकारका महिला तथा बालबालिकामाथि हुने यौन हिंसा तथा जघन्य अपराधका घटना दोहोरिन नदिन तथा न्यायको सुनिश्चितता र सुरक्षित समाज निर्माणका लागि सम्बन्धित निकाय, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण सरोकारवालाले गम्भीरतापूर्वक ध्यान दिन पीडित परिवारले माग गरेको छ ।

ज्ञापन-पत्र ग्रहण गर्दै मन्त्री अर्यालले घटनाको अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइने बताए । मुलुकमा दण्डहीनताको अन्त्य हुनुपर्ने भन्दै कुनै पनि प्रकारका आपराधिक घटना र अवाञ्छित गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कामय गर्न सरकार जिम्मेवारीका साथ लागि



परेको उनले बताए । गत फागुन २३ गते सुर्खेतको वीरेन्द्रनगर-४ सहिदपार्क नजिकै जनजागरण सामुदायिक वनमा १६ वर्षीय बालिका इनिशा विकको बलात्कारपछि हत्या भएको थियो ।

**Government of Koshi Province**
**Ministry of Physical Infrastructure Development**
**Directorate of Infrastructure Development**

# Infrastructure Development Office

**Tumlingtar, Sankhuwasabha, Nepal**

## Invitation for e - Bid

**First Date of Publication: 2082/12/03 (March 17, 2026)**
**Invitation for Bids No.: IDOSANK-09/2082/83**

1. Infrastructure Development Office, Sankhuwasabha invites open competitive biddings (Single Stage – Single Envelope e- bids) for eligible bidders for following works under NCB and Sealed Quotation Procedures. For Detail of works please visit www.bolpatra.gov.np/egp

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimate Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity / Security Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOSANK/Works/Road/ NCB-16/2082/83 | Maintenance of Sabhakhola Bridge Approach Road Along Tumlingtar Hokse Road. | 24,24,820.84 | 54,000.00 | 90+30 days from deadline for submission of Bids. | 3000.00 |
| 2 | IDOSANK/Works/ Building/SQ-23/2082/83 | Construction of Lovism samudayak Hall,Sankhuwasabha-07 | 12,17,554.76 | 27,000.00 | 45+30 days from deadline for submission of Bids. | 1000.00 |

| Last Date of Purchasing of Bids | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| On or Before 19th April 2026 (2083/01/06) for S.N.1; and 1st April 2026 (2082/12/18) for S.N.2 from online or bank deposit Before 12 Noon | On or Before 19th April 2026 (2083/01/06) for S.N.1; and 1st April 2026 (2082/12/18) for S.N.2 from online or bank deposit Before 12 Noon | On 19th April 2026 (2083/01/06) for S.N.1; and 1st April 2026 (2082/12/18) for S.N.2 at 13:00 hours | Office code: 3370104011 Bank: Rastriya Banijya Bank Revenue Account: 1000200010000 Revenue head no:14229 | Office code: 3370104011 Bank: Rastriya Banijya Bank, Khandbari Branch Account No: 2080100202030000 (Kolenika, Sankhuwasabha) |

2. Date of Pre-bid meeting: For S.N. 1 5th April 2026 (2082/12/22)
3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPPR, PPA and PPR.

**Office Chief**

# Agnisair Krishnasabran Rural Municipality

**Office of Municipal Executive**
**Sitapur, Saptari**
**Madhesh Province, Nepal**

## Re-Invitation for Electronic Bid

**Date of Publication: 2082/12/02 B.S. (16/03/2026 A.D.)**

Agnisair Krishnasabran Rural Municipality invites electronic bid from eligible bidders for the execution of below mentioned works under open competition procedures.

| S.N | Identification No. | Work Description | Bid Security Amount | Cost of Document | Remarks |
|---|---|---|---|---|---|
| 1 | W8/AKRM/NCB/ ReBid/2082-083 | kajla dah paryatakiya sthal sanaundarikaran tatha jaladhar sanrakshan ayojana | Rs. 7,00,000.00 | Rs. 5,000.00 | -Single-Stage Two-Envelope |

Last Date of Bid Submission: 2026/03/31(2082/12/17 B.S.) at 12:00 Noon
Bid Opening: 2026/03/31 (2082/12/17 B.S.) at 13:00 PM
**Bank Information for Bid Document Fee and Bid Security**

| Office Name | Agnisair Krishnasabran Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. | Antarik Rajaswa Khata Acc. No. 0840073352800081 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | Dharauti Khata Acc. No. 0840073352800041 | For Bid Security Amount |

Office: Agnisair Krishnasabran Rural Municipality
Eligible bidders may obtain further information and bidding documents electronicallywww.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/०३ गतेको सौर्य राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : शुशिला चौधरी**<br>पतिको नाम : इन्द्रराज चौधरी, ससुराको नाम : कमान सिंह चौधरी<br>ठेगाना : पदमपुर - ७, चितवन<br>ना.प्र.नं. : ३५-०१-७१-००९१०, जि.प्र.का. चितवन, जारी मिति : २०७१/०१/३०<br>**शाखा कार्यालय : ठमेल** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : इन्द्रराज चौधरी**<br>बाबुको नाम : कमान सिह चौधरी<br>बाजेको नाम : बुसाही महतो<br>ठेगाना : पदमपुर - ७, चितवन<br>ना.प्र.नं. : ३३७६२<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०६३/०८/२० | **२. नाम : ओमकार महतो**<br>बाबुको नाम : राजमनि महतो<br>बाजेको नाम : मगरा महतो<br>ठेगाना : शुक्रनगर २, चितवन<br>ना.प्र.नं. : ३५३०३८/४५५<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०६३/१०/१४ |
| | **धितोको विवरण** | |
| | शुशिला चौधरीको नाममा मालपोत कार्यालय काठमाडौंमा दर्ता रहेको गोलढुङ्ग - ४ ग, काठमाडौं हाल तारकेश्वर - ५, काठमाडौं स्थित कि.नं. ३२८ को क्षेत्रफल ०-१०-३-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र ९ गते सोमबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र १० गते मंगलबार ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)**
**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# जिडिपीको ४७.१३ प्रतिशत पुग्यो सार्वजनिक ऋण

■ सौर्य समाचार

काठमाडौं । सरकारले लिएको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको (जिडिपी) को ४७.१३ प्रतिशतमा पुगेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्ममा सार्वजनिक ऋण कुल २८ खर्ब ७८ अर्ब रुपैयाँ पुगेको हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको मासिक प्रतिवेदन अनुसार चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म सार्वजनिक ऋण २ खर्ब ४ अर्ब रुपैयाँले बढेरको छ । विनिमयदर अर्थात अमेरिकी डलरमा आएको परिवर्तनका कारण चालु आवको फागुन मसान्तसम्म आइपुग्दा सार्वजनिक ऋणको दायित्व झन्डै एक खर्बले बढेको अर्थशास्त्रीहरुले बताएका छन् ।

चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्ममा सार्वजनिक ऋण २ खर्ब ४ अर्ब २४ करोड रुपैयाँ थपिएको छ । योसँगै फागुनमसान्तसम्म कुल तिर्न बाँकी सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब २९ करोड रुपैयाँ पुगेको छ । २०८२ साउन १ गतेसम्म २६ खर्ब ७४ अर्ब ४ करोड तिर्न बाँकी ऋण रहेको थियो । सरकारको तिर्न बाँकी आन्तरिक ऋण १३ खर्ब ४८ अर्ब ११ करोड रुपैयाँ तथा बाह्य ऋण भने १५ खर्ब ३० अर्ब १८ करोड रुपैयाँ छ । कुल सार्वजनिक ऋणमा फागुन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.१६ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.८४ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

### ऋण प्राप्ति ५०.४४ प्रतिशत

सरकारले चालु आर्थिक वर्षमा ५ खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा फागुन मसान्तसम्ममा ३ खर्ब ४६ अर्ब ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको आधारमा कुल सार्वजनिक ऋण प्राप्ति ५०.४४ प्रतिशत छ ।

यस अवधिमा सरकारले २ खर्ब ४३ अर्ब ६६ करोड आन्तरिक ऋण तथा ५६ अर्ब ८० करोड बाह्य ऋण प्राप्ति गरेको छ ।

### ऋणको ब्याज र सावा भुक्तानीमा सकियो २ खर्ब ४२ अर्ब

चालु आर्थिक वर्ष २०८२/८३ मा ऋण सेवा खर्चमा ४ खर्ब ११ अर्ब वार्षिक बजेट रहेकोमा फागुन मसान्तसम्म २ खर्ब ४२ अर्ब २६ करोड भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ५८.९४ प्रतिशत हो । कुल ग्राहस्थ उत्पादनको आधारमा कुल ऋण सेवा खर्च ३.९७ प्रतिशत हो । चालु आवको ८ महिनामा सरकारले २ खर्ब ४ अर्ब ८० करोड आन्तरिक ऋण तथा ३७ अर्ब ४६ करोड बाह्य ऋणको दायित्व घटाएको छ । फागुनमसान्तसम्म साँवा भुक्तानीमा १ खर्ब ९४ अर्ब १९ करोड र ब्याज भुक्तानीमा ४८ अर्ब ६ करोड रुपैयाँ खर्च भएको छ ।

# 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न निर्माण व्यवसायीको माग

काठमाडौं । नेपाल निर्माण व्यवसायी महासंघले निर्माण सामग्रीमा मूल्य स्थिर नहुँदासम्म 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न सरकारसँग आग्रह गरेको छ । मध्यपूर्व र पश्चिम एसियामा देखिएको युद्धका कारण देखाउँदै निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेललगायतका इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै महासंघले यस्तो माग अगाडि सारेको हो ।

महासंघका महासचिव रोशन दाहालद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ, 'धमाधम निर्माण कार्य हुने सिजनमा इन्धनलगायत सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ । त्यसैले मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाको निर्माण कार्य हाललाई स्थगित गर्न महासङ्घ बाध्य हुने व्यहोरासमेत अवगत गराउँदछौं ।'

एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकांक वास्तविक नहुने भएकाले मूल्य स्थिर नहुँदासम्मका लागि सरकारको तर्फबाट नै 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न महासंघले अनुरोध गरेको हो । (सौस)

**UAE मा रोजगार** Crosswell Logistics L.L.C

पुन: विज्ञापन : पूर्व स्वीकृती मिति: २०८२/४/३० चलानी नं. ६०२४३२११ LT.No. 329380

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Stock Filler | 3 | 0 | काममा दक्ष | 1200 | ४८,३६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ चैत्र १० गते (24 March, 2026) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा हुनेछ ।

THINK BIZ INTERNATIONAL PVT. LTD.
ThinkBiz Gov.Lic.NO. 1608/079/080
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Send CV to : careers@thinkbiz.com.np

## सानिमा हाइड्रोपावर लिमिटेड

का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाण्डौ
फोन नं. ४३७३०३०, ४३७२८२८
Email: sanima@sanimahydro.com, Website: www.sanimahydro.com.np

### बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०२ गते

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८२ फागुन २५ गते सोमबारका दिन बसेको बैठकको निर्णयानुसार यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८२ चैत्र २६ गते (९ अप्रिल, २०२६) विहीबार ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-४, धुम्बाराही, काठमाडौं ।

**छलफलका प्रस्तावहरू**

(क) **साधारण प्रस्तावहरु:**
१. कम्पनीको सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण र तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. आ. व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**
१. समान उद्देश्य भएका अन्य उपयुक्त कम्पनीसँग गाभ्ने, गाभिने वा एकीकरण (Merger) गर्ने सम्बन्धी कार्यको अख्तियारीलाई निरन्तरता दिने ।
२. चन्दा, अनुदान वापत २०८१/८२ मा भुक्तानी गरिएको रकम अनुमोदन गर्ने ।

(ग) **विविध ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**Malaysia मा रोजगार** YOLLINK INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृती मिति: २०८२/१२/१ चलानी नं. ६०२५३४७६ LTNo. : 339985

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 22 | काममा दक्ष | 1700 | ६३,७६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ चैत्र १० गते (24 March, 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि. श्रम ईजाजत नं.: ७६०/६५/६६
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०११११२२५९, ९८०११११२२५०, ९८०१०६४०९१

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०५५।०२।१९ गते प्रा. लि. नं. ८५७० मा दर्ता भएको बि. एम. सि. सिल्ट ईन्भाइरोमेन्टल सर्भिसेज प्रा. लि. को मिति २०८२/११/१७ गतेको विशेष साधारणसभाको बैठकले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी प्रती कसैको कुनै प्रकारको आर्थिक लगायतको दायित्व भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजकर्ता (लिक्विडेटर) पोषक लाल श्रेष्ठ (ईजाजत नं. ६६८) को कार्यालय का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल, मित्रपार्क काठमाण्डौमा सक्कल प्रमाण सहित दावी गर्न आउनु भनी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

खारेजकर्ता (लिक्विडेटर) - पोषक लाल श्रेष्ठ (ईजाजत नं. ६६८)
कार्यालय: काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ चाबहिल, मित्रपार्क, काठमाण्डौ ।
Email: poshakcorporate@gmail.com फोन नं. ९८५१०९४४७१

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | विवरण | प्रकार | ब्रान्ड | मोडल कोड | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य (ने.रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १. | SML FULLY BUILT BUS SUPREME 4240 33 SEATER SCHOOL BUS | 2WD - Diesel | SML Isuzu | SUPREME | 3455cc | India | 1 | 6,496,000 |
| २. | SML FULLY BUILT BUS S7 5100 WB 41 SEATER SCHOOL BUS | 2WD - Diesel | SML Isuzu | S7 | 3455cc | India | 1 | 7,496,000 |
| ३. | SML FULLY BUILT BUS S7 4240 33 SEATER SCHOOL BUS | 2WD - Diesel | SML Isuzu | S7 | 3455cc | India | 1 | 7,196,000 |
| ४. | SML FULLY BUILT-UP BUS HIROI 3430 WB WITH 36 SEATER BUS | 2WD - Diesel | SML Isuzu | HIROI | 3455cc | India | 1 | 8,096,000 |
| ५. | SML FULLY BUILT-UP BUS HIROI 4370 WB WITH 46 SEATER BUS | 2WD - Diesel | SML Isuzu | HIROI | 3455cc | India | 1 | 8,396,000 |
| ६. | SML FULLY BUILT-UP BUS HIROI 5300 WB WITH 56 SEATER BUS | 2WD - Diesel | SML Isuzu | HIROI | 3455cc | India | 1 | 8,696,000 |

SML ISUZU LAXMI COMMERCIAL VEHICLES PVT. LTD.
Sole Distributor of SML ISUZU for Nepal

Laxmi Commercial Vehicles Pvt. Ltd.
Naxal, Kathmandu

PAN: 301979245
Tel: 01-4444107, 4440106

## दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति:२०८२/१२/०३)

उनका अनुसार ५ वटा पुललाई २ लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ । डालाबैंसीदेखि चारसयबैंसीसम्म ८.५ किमी सडक पुनर्निर्माणका लागि खानी-एवन-कमलजीत जेभीले १ अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित) रुपैयाँमा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो । यस्तै चारसयबैंसीदेखि भकुन्डेबैंसीसम्मको ११.८ किमी सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई १ अर्ब ३३ करोड ५३ लाखमा ठेक्का दिइएको हो । नेपालथोकदेखि बर्खेखोलासम्म ४.९० किमी सडक पुनर्निर्माणका लागि ६१ करोड (भ्याटसहित) रुपैयाँमा निर्माण गर्नेगरी खरिढुंगा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ ।

क्षतिग्रस्त कुल २९.५ किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किमी सडकलाई जाइकाले २ अर्ब ६३ करोड रुपैयाँ बराबरको अनुदान उपलब्ध गराउने समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले ८ अर्ब ५० करोड रुपैयाँ स्रोत सहमति दिएको हो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका ३ सडकखण्डलाई ७ अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई १ अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/०५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ ।

## निकुञ्जमा सिकार खेल्न गएका ५ जना बेपत्ता

सुर्खेत । बर्दिया राष्ट्रिय निकुञ्जमा सिकार खेल्न गएका सुर्खेतका ५ जना बेपत्ता भएका छन् । बेपत्ता हुनेमा बराहताल गाउँपालिका-१ ज्यामिरेका २५ वर्षीय रेशम समसेली, ४१ वर्षीय रविलाल दमाई, ३४ वर्षीय रामबहादुर घर्ती, ३० वर्षीय सुनिल समसेली र लेकवेशी नगरपालिका-८ गंकटे घर भई हाल बर्दिया बस्ने ४५ वर्षीय दुर्गाबहादुर सिजाली रहेका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक मोहनजंग बुढथापाका अनुसार आइतबार बेलुका ५ बजेतिर प्रहरीलाई सिकार खेल्न गएहरूका बेपत्ता भएको खबर प्राप्त भएको थियो । अहिले प्रहरी सहायक निरीक्षक टोपेन्द्र सिंह ठकुरीको कमान्डमा ४ जनाको प्रहरी टोली खोजी कार्यमा खटिएको छ भने जिल्ला प्रहरी कार्यालय बर्दियालाई जानकारी गराइएको सुर्खेत प्रहरीले जनाएको छ ।


**वैदेशिक रोजगार विभाग**

**सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री KALINCHWOK MANPOWER PVT. LTD. (इ.प.नं. 203/057/58) को तपसिल बमोजिमका सञ्चालकहरु/ शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपशिलः**

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. प्रदिप कुमार कार्कि (०१-३६,२५०)<br>२. पुनम न्यौपाने (३६,२५१-८१,२५०)<br>३. उत्तम प्रधान (८१,२५१-९०,०००) | १. प्रदिप कुमार कार्कि (०१-३६,२५०)<br>२. विशाल पोखेल (३६,२५१-८१,२५०)<br>३. उत्तम प्रधान (८१,२५१-९०,०००) |



**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**नुवाकोट, नेपाल**

**बेलकोटगढी नगरपालिका वडा नं. २ मा चौथे दोभान पुल; तारकेश्वोर गाउँपालिका वडा नं. ४ र ५ जोड्ने अम्बोटे सडक पुलः तारकेश्वोर गाउँपालिका वडा नं वडा नं ४ र बिदुर नगरपालिका वडा नं ३ जोड्ने छत्रे खोला पुल; बिदुर नगरपालिका वडा नं १० चिसापानीमा गोखु खोला मोटरेबल पुलः किस्पाङ्ग गाउँपालिका वडा नं २ र ५ जोड्ने चिलाउने खोला मोटरेबल पुलः दुप्चेश्वोर गाउँपालिका वडा नं ६ अवस्थित दुप्चेश्वोर मन्दिर जाने पुल र दुप्चेश्वोर गाउँपालिका वडा नं ३ र ४ जोड्ने झागर खोला मोटरेबल पुल निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना**

बागमती प्रदेश, नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका, तारकेश्वोर गाउँपालिका, बिदुर नगरपालिका, किस्पाङ्ग गाउँपालिका र दुप्चेश्वोर गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, नुवाकोटद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, नुवाकोट, बाग्मती प्रदेश, नेपाल<br>फोनः ०१०-५६०८५९, इमेलः nuwakotido@gmail.com |
| **प्रस्तावको व्यहोरा** | १. बेलकोटगढी नगरपालिका वडा नं. २ मा चौथे दोभान पुल निर्माण आयोजना<br>२. तारकेश्वोर गाउँपालिका वडा नं. ४ र ५ जोड्ने अम्बोटे सडक पुल<br>३. तारकेश्वोर गाउँपालिका वडा नं वडा नं ४ र बिदुर नगरपालिका वडा नं ३ जोड्ने छत्रे खोला पुल<br>४. बिदुर नगरपालिका वडा नं १० चिसापानीमा गोर्खा खोला मोटरेबल पुल<br>५. किस्पाङ्ग गाउँपालिका वडा नं २ र ५ जोड्ने चिलाउने खोला मोटरेबल पुल निर्माण आयोजना<br>६. दुप्चेश्वोर गाउँपालिका वडा नं ६ अवस्थित दुप्चेश्वोर मन्दिर जाने पुल निर्माण आयोजना<br>७. दुप्चेश्वोर गाउँपालिका वडा नं ३ र ४ जोड्ने झागर खोला मोटरेबल पुल निर्माण आयोजना<br>५. किस्पाङ्ग गाउँपालिका वडा नं २ र ५ जोड्ने चिलाउने खोला मोटरेबल पुल निर्माण आयोजना<br>६. दुप्चेश्वोर गाउँपालिका वडा नं ६ अवस्थित दुप्चेश्वोर मन्दिर जाने पुल निर्माण आयोजना<br>७. दुप्चेश्वोर गाउँपालिका वडा नं ३ र ४ जोड्ने झागर खोला मोटरेबल पुल निर्माण आयोजना |
| **प्रभाव पार्न सक्ने क्षेत्र** | १. नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका वडा नं. २ क्षेत्र<br>२. नुवाकोट जिल्लाको बिदुर नगरपालिका वडा नं. ३ र १०<br>३. नुवाकोट जिल्लाको तारकेश्वोर गाउँपालिका वडा नं. ४ र ५<br>४. नुवाकोट जिल्लाको किस्पाङ् गाउँपालिका वडा नं. २ र ५<br>५. नुवाकोट जिल्लाको, दुप्चेश्वोर गाउँपालिका, वडा नं. ३, ४ र ६ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो सो क्षेत्रको स्थानिय तथा प्रस्तावसँग सरोकार राखे सरोकारवालासँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| १. बेलकोटगढी नगरपालिका वडा नं. २ मा चौथे दोभान पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र १० गते मंगलबार<br>समयः ११.०० बजे | २. तारकेश्वोर गाउँपालिका वडा नं. ४ र ५ जोड्ने अम्बोटे सडक पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र ११ गते बुधबार<br>समयः ११.०० बजे |
| ३. तारकेश्वोर गाउँपालिका वडा नं वडा नं ४ र बिदुर नगरपालिका वडा नं ३ जोड्ने छत्रे खोला पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र ११ गते बुधबार<br>समयः २.०० बजे | ४. बिदुर नगरपालिका वडा नं १० चिसापानीमा गोर्खु खोला मोटरेबल पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र १२ गते बिहिबार<br>समयः ११.०० बजे |
| ५. किस्पाङ्ग गाउँपालिका वडा नं २ र ५ जोड्ने चिलाउने खोला मोटरेबल पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र १३ गते शुक्रबार<br>समयः ११:०० बजे | ६. दुप्चेश्वोर गाउँपालिका वडा नं ६ अवस्थित दुप्चेश्वोर मन्दिर जाने पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र १४ गते शनिबार<br>समयः ११:०० बजे |
| ७. दुप्चेश्वोर गाउँपालिका वडा नं ३ र ४ जोड्ने झागर खोला मोटरेबल पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र १४ गते शनिबार<br>समयः २.०० बजे | |



**कोशी प्रदेश सरकार**
**खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**सुनसरी, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिती :- २०८२।१२।०३**

यस कार्यालयले तपशिलमा उल्लेखित खरिद कार्यको लागि मिति २०८२।१०।२५ मा राष्ट्रिय दैनिक पत्रिका "सौर्य दैनिक पत्र" प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| स. न. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्र दाता | स्वीकृत रकम मू.अ.क. र पि.एस. सहित रु. |
|---|---|---|---|---|
| 1 | wssdo/sunsari/hdpe / 08-082/83 | Procurement of HDPE pipe for Dumraha Water supply Project, Ramdhuni-8, Sunsari | MM Plastic udyog PVT LTD Biratnagar, Morang | RS.1,37,73,809.79 |
| 2 | wssdo/sunsari/hdpe// 09-082/83 | Procurement of HDPE pipe for Shivnagar Water supply Project, Ramdhuni-2, Sunsari | Panchhakanya Plastic Ind.Pvt. Ltd | Rs.1,33,64,611.70 |
| 3 | wssdo/sunsari/hdpe/ 10- 082/83 | Procurement of HDPE pipe for Madheli Water supply Project, Gadhi-1, Sunsari | MM Plastic udyog PVT LTD Biratnagar, Morang | Rs.1,51,14125.61 |
| 4 | wssdo/sunsari/hdpe/ 11- 082/83 | Procurement of HDPE pipe for Different Water supply Project, Sunsari Division | MM Plastic udyog PVT LTD Biratnagar, Morang | Rs.61,27,240.81 |
| 5 | wssdo/sunsari/belbari /drain/12-082/83 | . Construction of drain for rain water management in belbari | B.N.C Construction Pvt. Ltd Patharishanischare-1 Morang | Rs.39,89,341.9 |
| 6 | Wssdo/sunsari/rangeli/ 13-082/83 | Construction of operator quarter and soil filling in Rangeli water supply project, Rangeli, Morang | Lakshya Construction Rangeli -7, Morang | Rs.39,91,318.35 |
| 7 | wssdo/sunsari/panbari/ deepboring/014-082/83 | Drilling and Installation of Deep Tubewell at Ashara Sudhar Kendra Water Supply Project, Panbari, Dharan, Sunsari | Prashant Deep Boring Udhyog Budhiganga-2 Morang | Rs. 20,34,416.00 |



**कमलबजार नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**कमलबजार, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र आशय सम्बन्धि सूचना**

**(प्रकाशित मितिः २०८२।१२।०३)**

यस नगरपालिकाबाट तपसिलको कार्यका लागि सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/१०/२२ गते प्रकाशित ई-बिड E-Bid) बोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकार वालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

| सि. न. | ठेक्का नं/योजनाको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| १ | IFBNO:KBM/ACHHAM/LFS/NCB/W05/082-083 CONSTRUCTION OF SITE DEVELOPMENT OF LAND FILL SITE . | D.S.NIRMAN SEWA KOHALPUR -4 BANKE | 8545383.79 |

**नि.प्रमुख प्रशसकिय अधिकृत**



**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशानलय**
**पूर्वाधार विकास कार्यालय, खोटाङ**
**दिक्तेल, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मितिः २०८२/१२/०३)**

यस कार्यालयको विभिन्न मिति को प्रकाशित तपशिल बमोजिमको ठेक्का नं. र आयोजना सम्बन्धमा रितपूर्वक e-GP System:- bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रदाताको नियमानुसार अध्ययन, जाँच-परिक्षण तथा मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | IDO/KTG/ NCB/W-94/082/83 | Banshila Mauwabote Chisapani Khotang Bazar Sadak Jantedhunga Khotang | Shree Pole Star / Shanti Bhumi Joint Venture | २,३६,१३,२१३।४९ | |
| 2. | IDO/KTG/ NCB/W-99/082/83 | Khanidanda Bimansthal Dekhi Yamkha Ratmata Diprung Chuichumma Gaunpalikako karyalaya Hundai Panchami Thamkharka Sadak(Yamkha Thamkharka Khanda) Khotang | Shree Pabitra Gaunle JV | १७,४४,१०,६३३।९ | |

**कार्यालय प्रमुख**

# सुन्दरहरैँचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## विराटचौक, मोरङ

### सूचना प्रकाशन मितिः २०८२/१२/०३

सुन्दरहरैँचा नगरपालिकाको वडा नं. १०,११ र १२ बाट सिफारिस भई आए बमोजिम आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरू मध्ये विपन्न परिवार खानेपानी धारा जडान तथा विस्तार सु.ह. १०,११ र १२ शिर्षकमा विनियोजित रू १० लाख बाट कार्यान्वयन गर्ने/गराउने गरी मिति २०८२/०३/१५ गते सुन्दरहरैँचा नगरपालिका र इन्द्रपुर साना सहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति, इन्द्रपुर, मोरङका विच खानेपानीको धारा जडान तथा विस्तार गर्ने सम्झौता भएको। सम्झौता बमोजिम १०० घरधुरीमा खानेपानीको धारा जडान कार्य सम्पन्न भनी भुक्तनीको लागि पेश भएको छ भने सम्बन्धित वडाहरूले (वडा नं. १०,११ र १२) समेत धारा जडान भएकाले भुक्तानीको लागि सिफारिस गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

**विपन्न परिवार खानेपानी धारा जडान तथा विस्तार अन्तर्गत सुन्दरहरैँचा न.पा. वडा नं.-१० को नामावली**

| सि.नं. | नाम, थर | टोल/बाटो मार्ग | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नयन्द्र बहादुर कार्की | सुकुना टोल सयपत्रि मार्ग | ९८०७०८५१०२ |
| २ | दिल कुमारि लिम्बु राई | लालीगुरासँ टोल | ९८१९०६१५४१ |
| ३ | कमला राई | लालीगुरासँ टोल | ९८४९४९३७५२ |
| ३ | कबिता लिम्बु | किस्ति ड्राइभिङ्ग छेउ | ९८११०१००४८ |
| ४ | जित बहादुर बिश्वकर्मा | गुरुजि टोल | ९८०७३४८२९० |
| ५ | लिला उराव | बाघझोडा | ९८१३१२१९२२ |
| ५ | देउ कुमारी श्रेष्ठ | दिपेश मार्घ रोड नं.-९ | ९८१७३४५८४२ |
| ६ | ललिता उराव | अनुमसला मिल तल | ९८१६३६२३६५ |
| ७ | धन बहादुर बिश्वकर्मा | लालीगुरासँ टोल न्युरोड मार्ग | ९८१९३७२४५५ |
| ७ | भुन्टी थरुनि/चौधरी | बाघझोडा | ९८१७३८१७७८ |
| ८ | कमला मधैया | बाघझोडा बन अफिस छेउ | ९८०७३५६५८२ |
| ९ | मेकराज राई | बाघझोडा | ९८२३९६१९५७ |
| ९ | निर कुमार राई | पुलचौक सुकुना मार्ग | ९८४७२४४९६२ |
| १० | कुमारि पराजुली | बाघझोडा | ९८४२११८०७१ |
| ११ | मनममाया तामाङ्ग | सयपत्रि टोल | ९८२६३७३००१ |
| ११ | खरराज ढकाल | बाघझोडा | ९८०७०१३८११ |
| १२ | सिता गिरी | सुकुना टोल उन्नति मार्ग | ९८४२१५४९३७ |
| १३ | पुष्प थोप्रा लिम्बु | बाघझोडा | ९८६९८१८७५५ |
| १३ | मदन लाल उराव | | ९८०१४७८०८४ |
| १४ | डम्बर बहादुर खत्री | सयपत्रि टोल | ९७०१९६४९४७ |

**विपन्न परिवार खानेपानी धारा जडान तथा विस्तार अन्तर्गत सुन्दरहरैँचा न.पा. वडा नं.- ११ को नामावली**

| सि.नं. | नाम, थर | टोल/बाटो मार्ग | सम्पर्क नं. |
|---|---|---|---|
| १ | सोमनि देवी दनुवार | जोगीचौर | धनराम दनुवार |
| २ | सन्त कुमार दनुवार | जोगीचौर | ९८१४३५२८२३ |
| ३ | गणेश राज भगत खवास | जोगीचौर | |
| ४ | लक्ष्मी दनुवार | जोगीचौर | |
| ५ | रक्सा कुमार दनुवार | जोगीचौर | |
| ६ | बुधनारायण सरदार | जोगीचौर | |
| ७ | शिवु खवास | जोगीचौर | |
| ८ | शकुन्तला कुमारी दनुवार | जोगीचौर | |
| ९ | वचन दनुवार | जोगीचौर | |
| १० | हरिचन्द्र कुमार दनुवार | जोगीचौर | |
| ११ | उर्मीला देवी दनुवार | जोगीचौर | |
| १२ | मिना राजधामि | जोगीचौर | |
| १३ | ढुण्डिराज पुलामि मगर | जोगीचौर | |
| १४ | शिव कुमार दनुवार | जोगीचौर | |
| १५ | बिबेक कुमार दनुवार | जोगीचौर | 9815870251 |
| १६ | देखनि खवास | जोगीचौर | |
| १७ | तारादेवि चौधरी | जोगीचौर | |
| १८ | कर्मदेव दनुवार | जोगीचौर | |
| १९ | सुन्दर कुमार दनुवार | जोगीचौर | |
| २० | जुयकुमार कुमार दनुवार | जोगीचौर | |
| २१ | दम्बर बहादुर आले मगर | जोगीचौर | |
| २२ | अनिल चौधरी | जोगीचौर | |
| २३ | रामचनम कमार दनुवार | जोगीचौर | |

**विपन्न परिवार खानेपानी धारा जडान तथा विस्तार अन्तर्गत सुन्दरहरैँचा न.पा. वडा नं.-१२ को नामावली**

| सि.नं. | नाम, थर | टोल/बाटो मार्ग | सम्पर्क नं. |
|---|---|---|---|
| १ | रन्जित कुमार चौधरी | शुक्रबारे | ९८२०३६१४०९ |
| २ | रबिन मास्के | त्रिवेणि चौक | ९८११३९८३८८ |
| ३ | राज कुमार सार्की | खोर्साने चौक दक्षिण | ९८०८३५१८५० |
| ४ | जिते सार्की | प्रणामि टोल | ९८२५३६०४३९ |
| ५ | आशा कुमारि चौधरी | शुक्रबारे | ९८०८७१४८६९ |
| ६ | गंगा देवि आचार्य | खोर्साने चौक दक्षिण | ९८४२२२३२८५ |
| ७ | राज कुमारी सार्की | प्रणामि टोल | ९८०८३५१८५० |
| ८ | इन्द्र प्रसाद गौतम | क्याम्पस रोड (रो नं.-१९) | ९८४२५६१८२६ |
| ९ | राज कुमार साह | रोड नं.-१३ | ९८१५३३०७७५ |
| १० | सिताराम खत्रि | नमुना बोर्डिङ्ग छेउ | ९८०४३११६६३ |
| ११ | ललिता कुमारी चौधरी | शुक्रबारे फुटबल चौरि | ९८०७८१४८६९ |
| १२ | बिष्नु दर्जी | हेल्थपोष्ट रोड नं.-१६ | ९७०८८४२३०२ |
| १३ | पर्शुराम खवास | हेल्थपोष्ट रोड नं.-१६ | ९८०४०३७१५४ |
| १४ | लक्ष्मि देवी चौधरी | शुक्रबारे बगैचा टोल | ९७०२९९२३४२ |
| १५ | अनिता थारु | शुक्रबारे बगैचा टोल | ९८०५३६३१५१ |
| १६ | मन्जु चौधरी | खोर्साने रोड नं.-१३ | ९८१८३०८०६९ |
| १७ | शशी तामाङ | शुक्रबारे फुटबल चौरि | ९८०१८८८०१८ |
| १८ | नबराज खड्का | शुक्रबारे बगैचा टोल | ९८४२२०६२६५ |
| १९ | प्रसाद तामाङ | त्रिवेणि चौक | ९८१७३४०२३१ |
| २० | मन कुमारी राउत | इन्द्रपुर स्कुल छेउ | ९८२७३६१६०६ |
| २१ | भिम बहादुर धिमाल | शुक्रबारे फुटबल चौरि | ९८२७३८७०६४ |
| २२ | दिलमाया दनुवार | शुक्रबारे फुटबल चौरि | ९७००७४५७३६ |
| २३ | बाल कुमारी श्रेष्ठ | बालमिकी मार्ग रोड नं.-१२ | ९८१४३३८२३८ |
| २४ | संगिता भुजेल | शुक्रबारे फुटबल चौरि | ९७६५३७४२७३ |
| २५ | रेनुका तिम्सिना | प्रणामि टोल | ९७०२२९४७१८ |
| २६ | गोमा लामिछाने | रोड नं.-१६ ग | ९८१६३०७३६० |
| २७ | लिला भण्डारी | रोड नं.-१६ घ | ९८४२५८५१५६ |
| २८ | गंगा बहादुर भुजेल | शुक्रबारे फुटबल चौरि | ९८४२१७६२७४ |
| २९ | हरि प्रासाद भट्टराई | खोर्सानि शान्ति टोल रोड नं.-१४ | ९८४२४२६३३६ |
| ३० | भगवति रम्तेल | प्रणामि टोल | ९८०५३०९२५४ |
| ३१ | कमला खड्का | शुक्रबारे फुटबल चौरि | ९८४२२६३९९६ |
| ३२ | सरला खड्का | शुक्रबारे फुटबल चौरि | ९८४३२८२१०९ |
| ३३ | मन्दिरा ढकाल (कट्टेल) | हरैचा मोड (दिप ज्योति मार्ग) | ९८६१९१०२४९ |
| ३४ | जगत बहादुर सार्की | प्रणामि टोल रोड नं.-१६ | ९८०७०४२६६२ |
| ३५ | लिला नाथ भण्डारी | बगैचा टोल | ९८४२२९३१५५ |
| ३६ | लाल बहादुर धिमाल | त्रिभेनणि चौक | ९८०८०१८६५२ |
| ३७ | हिरा बिश्वकर्मा | त्रिभेनणि चौक | ९७०९४४२१७७ |
| ३८ | मुना कुमारि भुजेल | बगैचा टोल | ९८०७९६६१५२ |
| ३९ | बिना कार्की | काफ्ले टोल | ९८४५४८९७०० |
| ४० | गोमा देवि भट्टराई | शुक्रबारे बगैचा टोल | ९८४२१५८०३१ |
| ४१ | निर्मला भट्टराई | संगम चौक | ९८४२२७१०१८ |
| ४२ | गीता परियार | शुक्रबारे बगैचा टोल | ९८१६३३४०३२ |
| ४३ | पुन्य प्रसाद सिवाकोटी | क्याम्पस रोड (रो नं.-९) | ९८४२१४८७५६ |
| ४४ | जमिला खातुन मियाँ | शुक्रबारे बगैचा टोल | ९८०३३२८२८४ |
| ४५ | सुश्री लिला कर्ण | शुक्रबारे बगैचा टोल | ९७०९४४५१५३ |
| ४६ | मिना गुरुङ्ग | खोर्सानि कोशी ग्यास लाइन | ९७४२८३४४३८ |
| ४७ | मो हासिम मिया | शुक्रबारे बगैचा टोल | ९७०३३२८२८४ |
| ४८ | सिर्जना बस्नेत | शुक्रबारे फुटबल चौरि | ९८०७३३५२५१ |
| ४९ | प्रतिमा सापकोटा | नमुना टोल रोड नं.-११ | ९८१९३४५७८१ |
| ५० | चन्द्र प्रसाद न्यौपाने | इन्द्रपुर स्कुल छेउ | ९८०३२५६१०० |
| ५१ | कृष्ण बहादुर श्रेष्ठ | शुक्रबारे | ९८४२०६६१६३ |
| ५२ | सोभिमाया सार्की | नमुना स्कुल छेउ रोड नं.-११ | ९८११३९८२८० |
| ५३ | पबिता कुमारि मण्डल | शुक्रबारे फुटबल चौरि | ९८१४०८०६६३ |
| ५४ | महेश प्रसाद फुयाल | हरैचा मोड बाटो नं.-१५ | ९७६७२९७४०३ |
| ५५ | दुर्गा प्रसाद अधिकारी | क्याम्पस रोड रोड नं.-२८ | ९८४२४५१५२१ |
| ५६ | कमला धिमाल | त्रिभेनणि चौक | ९८०७०७४९५४ |
| ५७ | चन्द्माया बराल कार्की | इन्द्रपुर स्कुल छेउ | ९७६२९८४७५१ |
| ५८ | तुलसा देवि तिम्सिना | इन्द्रपुर स्कुल छेउ | ९७६२९८४७५१ |
| ५९ | साबित्रा सुबेदी | खोर्सानि पाण्डेको गोदाम दक्षिण | ९८१५३०५३६२ |
| ६० | राम बहादुर गिरी | जोगि चौर | ९८०७०५०६११ |
| ६१ | सुकुना मा.बि. | सुकुना क्याम्पस | |
| ६२ | पुर्ण मास्के | शान्ति टोल | ९८४२२२४४१५ |
| ६३ | देवि प्रसाद दर्जि | बाल्मिकी मार्ग | ९८२९३७५४७७ |

- **प्रमुख प्रशासकीय अधिकृत**

# ड्रोन आक्रमणपछि दुबई विमानस्थलको उडान सेवा प्रभावित

■ एजेन्सी

दुबई । दुबईमा रहेको अन्तर्राष्ट्रिय विमानस्थल नजिकै ड्रोन खसेको घटना भएपछि सोमबार केही समयका लागि सबै उडानहरू अस्थायी रूपमा रोकिए । सहरका अधिकारीहरूले यात्रु र कर्मचारीहरूको सुरक्षालाई ध्यानमा राख्दै यस्तो निर्णय गरिएको बताएका छन् । घटना भएको स्थान विमानस्थल नजिकै भएकाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै उडान सञ्चालन रोकिएको थियो ।

### इन्धन ट्यांकीमा आगलागी

ड्रोन आक्रमणका कारण विमानस्थल नजिक रहेको इन्धन भण्डारण ट्यांकीमा आगलागी भएको थियो । स्थानीय आपतकालीन सेवाहरू घटनास्थलमा पुगेर आगो छिट्टै नियन्त्रणमा लिन सफल भएका थिए । अधिकारीहरूका अनुसार घटनामा कुनै पनि व्यक्तिलाई चोटपटक लागेको छैन र ठुलो क्षति पनि भएको छैन ।

### युद्धको पृष्ठभूमि

मध्यपूर्वमा जारी युद्धको क्रममा इरानले संयुक्त अरब इमिरेट्सतर्फ १ हजार ८०० भन्दा बढी मिसाइल र ड्रोन प्रहार गरेको बताइएको छ । यद्यपि संयुक्त अरब इमिरेट्सको वायु रक्षा प्रणालीले तीमध्ये धेरैलाई आकाशमै रोकेर ठुलो क्षति हुनबाट जोगाएको बताइएको छ । यस युद्धका कारण खाडी क्षेत्रको सुरक्षा अवस्था तनावपूर्ण बनेको छ ।

### क्षेत्रीय प्रभाव

छिमेकी देश साउदी अरबले पनि सोमबार बिहानदेखि आफ्नो पूर्वी क्षेत्रमा ६० भन्दा बढी ड्रोन अवरोध गरिएको जनाएको छ । यसले खाडी क्षेत्रभरि ड्रोन आक्रमणको जोखिम अझै बढिरहेको संकेत गरेको छ ।

### उडान सेवा प्रभावित

घटनापछि दुबईको राष्ट्रिय हवाई सेवाले यात्रुहरूलाई केही समयका लागि विमानस्थल नआउन अनुरोध गरेको थियो । अधिकारीहरूले सुरक्षा अवस्था सामान्य भएपछि मात्र उडानहरू सञ्चालन गरिने बताएका छन् । विमानस्थल जाने मुख्य सडक पनि केही समयका लागि बन्द गरिएको थियो ।

### मानवीय क्षति

यो युद्ध सुरु भएयता संयुक्त अरब इमिरेट्समा ४ जना सर्वसाधारण र २ जना सैनिकसहित कुल ६ जनाको मृत्यु भएको जानकारी सार्वजनिक गरिएको छ । अधिकारीहरूले नागरिक पूर्वाधार, विमानस्थल, बन्दरगाह र तेलसम्बन्धी संरचनालाई लक्षित गरी आक्रमण हुने जोखिम अझै कायम रहेको बताएका छन् ।

---


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९।०५।१७ मा दर्ता भएको **प्रा.लि. नं. २९८०४० को प्राप्ती हेल्थ पोलिक्लिनिक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम बिशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/०३

यस कम्पनीको मिति २०८२।०७।१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **कन्टिनेन्टल ट्रेडिङ्ग एण्ड कन्ट्र्याक्टिङ्ग कम्पनी प्रा.लि. (दर्ता नं. २७८०५४)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०८।२६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **कन्टिनेन्टल ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**मंगलसैन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मंगलसैन, अछाम
सुदूर पश्चिम, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रकाशन मिति: २०८२/१२/०३**

मिति २०८२/१०/१३ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भइ बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबैको लागी ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिन्छ ।

**तपसिल:**

| क्र.स. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल गरेको रकम रु. (मू.अ.क. सहित) |
|---|---|---|---|
| १ | Procurement, Supply and Delivery of Water Supply Related Goods (MM/ACH/NCB/GOODS-04/2082-083) | Alfabeta Engineering Pvt. Ltd, Bagbazar-31 Kathmandu. | रु. 26,२३,३६३।१४ (छब्बीस लाख, तेइस हजार, तिन सय, त्रिसट्ठी रुपैया र चौध पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

**Urlabari Municipality**
**Office of Municipal Executive**
Urlabari, Morang
Koshi Province, Nepal

**Invitation of Electronic Bids**

**Second Date of Publication: 2082/12/03 (17th of March 2026)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-chamana griha-Ward1,2&9-W-NCB-31-082/83 | " Laxmi-1, Shanti-2, Maharaj-9 ma Chamana Griha Nirman " | 26,35,644.00 /- | 58,500.00/- | 3,000.00/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**नलगाड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति:२०८२/१२/०३**

यस नगरपालिकाको मिति २०८२/१०/१५ को राष्ट्रिय दैनिक मिशन टुडे पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक विद्युतीय माध्यमबट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं | कामको विवरण | कबोल गरेको रकम (मु.अ.क र PS सहित) | सारभूत रुपमा प्रभावकारी फर्मको नाम |
|---|---|---|---|---|
| 1. | NCB/NM/LISP/WORKS/TB/01/2082-083 | Fabrication, Supply, Transportation, Construction & Erection of Kharyapani Lamadhunga Bheri Nadi Jholunge Pul Nirman | NRs 6245425.62 | J.K. Builders |

**प्रमुख प्रशासकीय अधिकृत**

**Urlabari Municipality**
**Office of Municipal Executive**
Urlabari, Morang
Koshi Province, Nepal

**Invitation of Electronic Bids**

**Date of Publication: 2082/12/03 (17th March 2026)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Tahara-Ward3,8&9-W-NCB-26-082/83 | Krishi tatha Pashu Bajar -3,Ambari Bajar-8,Durgapuri Bajar-9 purwadhar Nirman& Shiva Marga Mato purae-8,Urlabari,Morang | 39,40,637.12 | 88,000.00 | 3,000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**शंखरापुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
साँखु, काठमाण्डौ

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०३)**

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि बोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएको बोलपत्रहरुको प्रस्ताव मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि. न | योजनाको नाम | ठेक्का न | न्युन्तम मुल्याङकित बोलपत्रदाताको नाम | कबोल अङ्क रू (भ्याट र पी. एस. बाहेक) |
|---|---|---|---|---|
| 1 | Shankharapur ward no. 8 ra 9 khanepani | SMO/82-83/82 | Unique and Unish Construction , Melamchi,Sindhupalchok | 60,93,710.78/- |
| 2 | Khadka basti Jane Naikhola Pul (Box culvert) | SMO/82-83/83 | Birendra Builders Pvt. Ltd, Kageshwori-7, Kathmandu | 16,11,312.57/- |
| 3 | karkigaun shiva mandir nirman | SMO/82-83/84 | Birendra Builders Pvt. Ltd, Kageshwari manohara 07 | 26,35,298.2/- |
| 4 | Upgrading Of jagatey chaukivanjyang sadak | SMO/82-83/85 | divine builds Pvt. Ltd, gokarneshwor | 19,45,997.72/- |
| 5 | kotdanda sadak, lamatol sadak, cihandanda sadak, manilingeswar mandir jane bato (bibid sadak ward 8) | SMO/82-83/87 | Metamorphic Maestro Construction and Suppliers Pvt. Ltd, Gokarneshwor 1 | 9,15,730.00/- |
| 6 | Bangalidanda jhilketol sadak | SMO/82-83/89 | Phatakshila Nirman Sewa, Melamchi-13, Sindhupalchok | 10,56,240/- |
| 7 | Upgrading of Pariyar tole Kurthali sadak | SMO/82-83/90 | Shree Mata Nirman Sewa, Shankharapur-2, Patap,Kathmandu | 10,66,372.47/- |
| 8 | Upgrading Of Ramchebhir Sadak | SMO/82-83/92 | Bisav Builders and Suppliers Pvt.Ltd, Kageshwori Manohara-06 | 9,18,800/- |
| 9 | Upgrading Of Poudeltole Sadak | SMO/82-83/93 | B.D. Janmabhumi Construction and Suppliers Pvt.Ltd., Shankharapur-02 | 11,24,977.20/- |
| 10 | Upgrading Of Narayanghatbata Lambudanda Sadak | SMO/82-83/94 | Public Construction, KMC-06 | 9,13,663.98/- |
| 11 | Upgrading Of Bhanjyangbata Poudeltole Jane Sadak | SMO/82-83/95 | Chaulagain Builders and Suppliers Pvt. Ltd., KMC-06 | 10,52,813/- |
| 12 | Upgrading Of Ittakhel Chaurbata Aangatole Sadak | SMO/82-83/97 | Bisav Builders and Suppliers Pvt.Ltd , Kageshwori Manohara-06 | 8,37,160/- |
| 13 | Upgrading Of Thulo Khahare Sadak | SMO/82-83/98 | Bisav Builders and Suppliers Pvt.Ltd , Kageshwori Manohara-06 | 11,48,983/- |
| 14 | Upgrading Of Khoriya Sadak | SMO/82-83/99 | Bisav Builders and Suppliers Pvt.Ltd, Kageshwori Manohara-06 | 12,03,881.8/- |

**प्रमुख प्रशासकिय अधिकृत**

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

**खानेपानी तथा ढल व्यवस्थापन कार्यालय**
भरतपुर, चितवन

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति: २०८२/१२/०३ (17th March, 2026)**

यस कार्यालयबाट मिति २०८२/१०/२५ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट (www.bolpatra.gov.np/egp) मा प्रथम पटक प्रकाशित सुचना बमोजिम तपसिल बमोजिमको आयोजनाको निर्माण कार्यको बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (PS र VAT सहित) |
|---|---|---|---|---|
| 1. | 11/082-83/ WSSMO/ Chitwan | Construction of Prasauni Water Supply Project and Narayani Water Supply Project, Nawalpur | Haiku Infratech Pvt. Ltd., Sunhidanagar-32, Kathmandu | रु. १,३७,४९,०८५.४६ |
| 2. | 12/082-83/ WSSMO/ Chitwan | Construction of Malekhu Majuwa Water Supply Project, Gajuri RM, Dhading | Ocean Pathibhara JV, Jhapa, Nepal | रु.६४,७७,९९९.०७ |
| 3. | 13/082-83/ WSSMO/ Chitwan | Construction of Pipeline Works in Parsa Water Supply Project, Khairahani Municipality, Chitwan | Mangalam Engineering Consultancy And Construction Private Limited, Sinamangal, Kathmandu | रु.६७,१९,९८९.९८ |
| 4. | 14/082-83/ WSSMO/ Chitwan | Construction of Different Water Supply Components of Parvatipur and Golaghat Water Supply Project, Bharatpur, Chitwan | Sky Lark Construction and Drilling, Kathmandu | रु.९३,०१,८१२.६२ |
| 5. | 15/082-83/ WSSMO/ Chitwan | Construction of RCC Reservoir and Other Workd in Piple Water Supply Project, Rapti, Chitwan | Guna Nirman Sewa, Hetauda-11 | रु.५०,१२,१९०.५८ |
| 6. | 16/082-83/ WSSMO/ Chitwan | Supply and Delivery of HDPE (PE-100)Pipes for different Water Supply Projects | Dreamline Construction Pvt. Ltd., Bharatpur-10, Chitwan | रु.१,५९,४०,०१८.७९ |

**कार्यालय प्रमुख**

# ‘वुमन इन स्पोर्ट्र्स कन्क्लेभ’मा महिला खेलाडीका चुनौती र अवसरबारे छलफल




■ सौर्य समाचार

काठमाडौँ । अल नेपाल स्पोर्ट्स फाउन्डेसनले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा स्थानीय जनप्रतिनिधि, खेलकुद निकाय, ओलम्पिक कमिटी तथा खेल विज्ञहरूको सहभागितामा ‘वुमन इन स्पोर्ट्स कन्क्लेभ-२०२६’ सम्पन्न गरेको छ । नेपाली खेलकुदमा महिलाको उपलब्धि, चुनौती र अवसरबारे गम्भीर छलफल गर्दै समावेशी तथा सशक्त खेल वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइएको थियो । राजधानीमा हालै आयोजित कार्यक्रममा खेलकुदमा महिलाले सामना गरिरहेका अवरोध हटाउने, नेतृत्व विकास, लचिलोपन तथा खेलकुदमार्फत आर्थिक सशक्तीकरणका विषयमा विचार-विमर्श गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै बाग्मती प्रदेशकी युवा तथा खेलकुदमन्त्री उर्मिला नेपालले महिला खेलाडीहरूको प्रतिभालाई राज्यले प्राथमिकता दिँदै आवश्यक नीति तथा कार्यक्रम अघि बढाइने बताइन् । उनले फाउन्डेसनसँग आगामी दिनमा सहकार्य गर्दै महिला खेलकुद प्रवर्द्धनमा थप पहल गर्ने प्रतिबद्धता जनाइन् । यसैगरी नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणाले महिला नेतृत्व, आर्थिक सशक्तीकरण र खेलकुदबीचको सम्बन्धबारे चर्चा गर्दै खेलकुद पर्यटनको विकासमा निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको औँल्याइन् । राष्ट्रिय खेलकुद परिषद्की कार्यकारी सदस्य सुवर्ण श्रेष्ठले राष्ट्रिय खेलकुदको विकासका लागि सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले एकताको सन्देश प्रवाह गर्ने बताइन् । निर्मला फाउन्डेसनकी अध्यक्ष निर्मला भण्डारीले अपांगता भएका व्यक्तिहरूका लागि अनुकुलित खेलकुदको महत्वबारे प्रकाश पार्दै समावेशी खेल संरचना विकास गर्नुपर्नेमा जोड दिइन् । मोटर स्पोर्ट्स खेलाडी प्रज्ञा कँडेलले आफ्नो खेल यात्रा सुनाउँदै महिलाले निरन्तर मेहनत र साहसका साथ अघि बढेमा अन्तर्राष्ट्रिय स्तरमा पनि सफलता हासिल गर्न सकिने बताएकी थिइन् । कार्यक्रमको मुख्य आकर्षण ‘बाधा हटाउँदै : खेलाडी यात्रा र लचिलोपन’ शीर्षकको प्यानल छलफल थियो । पहिलो सत्रमा राष्ट्रिय टोलीका खेलाडी दीपा शाही (फुटबल), पूजा महतो (क्रिकेट), सुमित्रा रेग्मी (भलिबल), ओलम्पियन सन्तोषी श्रेष्ठ (एथलेटिक्स) तथा कराते खेलाडी एरिका गुरुङले आफ्नो खेल यात्रा, चुनौती र सफलताका अनुभव सुनाएका थिए । उनीहरूले समाजिक धारणा, पारिवारिक दबाब र पूर्वाधार अभावजस्ता कठिनाइका बाबजुद निरन्तर अभ्यास र आत्मविश्वासले सफलताको बाटो खोल्न सकिने अनुभव सुनाएका हुन् ।

प्यानलको दोस्रो सत्रमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख सन्तोष बुढाथोकी, तारकेश्वर नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटी, महिला खेल विज्ञ सुलोचना सिजख्वा र नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले नेपालमा महिला खेलकुदको विकास, नीति सुधार, प्रशिक्षण, अवसर र खेल पूर्वाधार विस्तारका विषयमा आफ्ना धारणा राखेका थिए ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले खेलकुद नीतिमा समयानुकूल सुधार गर्दै महिला खेलाडीलाई थप अवसर उपलब्ध गराउनुपर्नेमा जोड दिए । उनले फाउन्डेसनले महिला खेलकुद प्रवर्द्धनका लागि गरेको पहल प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा नेपाल ओलम्पिक कमिटी र फाउन्डेसनबीच सहकार्य विस्तार हुने बताए ।

त्यसैगरी जिल्ला समन्वय समिति प्रमुख सन्तोष बुढाथोकीले स्थानीय तहबाटै खेलाडीलाई अवसर र प्लेटफर्म उपलब्ध गराउनुपर्नेमा जोड दिँदै स्थानीय, प्रदेश तथा संघ सरकार राखेप र ओलम्पिक कमिटीबीच समन्वय आवश्यक रहेको उल्लेख गरे । तारकेश्वर नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटीले नेपाली खेलकुद क्षेत्रमा महिलाले अझै विभिन्न चुनौती सामना गर्नुपरेको उल्लेख गर्दै महिला खेलाडी सशक्तीकरणका लागि स्थानीय सरकारका तर्फबाट आवश्यक पहल गरिने बताइन् ।

खेल विज्ञ सुलोचना सिजख्वाले धेरै महिला खेलाडीले परिवार र खेलकुद करियरबीच सन्तुलन कायम गर्न संघर्ष गर्नुपर्ने अवस्था रहेको औँल्याइन् । उपलब्ध तथ्यांकअनुसार नेपालमा संगठित खेलकुदमा महिलाहरूको सहभागिता करिब ८ प्रतिशत मात्र छ भने पुरुषको सहभागिता करिब २८ प्रतिशत पुगेको छ । यही असन्तुलनलाई कम गर्दै महिला खेलकुदको आवाज बलियो बनाउने उद्देश्यले यस्तो कन्क्लेभ आयोजना गरिएको आयोजकले जनाएको छ ।

# हिमालयन क्विन्स ग्याम्बिटको उपाधि सदिक्षालाई

■ सौर्य समाचार




काठमाडौँ । हिमालयन क्विन्स ग्याम्बिटको दोस्रो संस्करणको उपाधि अधिवक्ता सदिक्षा आचार्यले जितेकी छन् । उनले थापाथाली चेस पार्कमा हालै सम्पन्न खेलमा अपराजित रहँदै ६.५ अंक बनाएर सफलता हात पारेकी हुन् । स्विस लिग प्रणालीको आधारमा ७ चरणमा सञ्चालित ब्लिट्ज चेस प्रतियोगितामा सोनालिका सर्राफले पनि सदिक्षा समान ६.५ अंक बनाएकी थिइन् । बराबरी अंक भएपनि टाइब्रेकरको आधारमा पायोनियर एसोसिएट लकी सदिक्षाले उपाधि जितेकी हुन् । प्रिसियस अधिकारी र शुभश्री श्रेष्ठले पनि समान ६ अंक बनाए । तर, टाइब्रेकरको आधारमा अगाडि रहँदै प्रिसियस तेस्रो भइन् ।

प्रकृति न्यौपाने (५.५ अंक), अस्मिता दाहाल (५.५), मेघना अधिकारी (५) र आरती राई (५) ले शीर्ष ८ मा रहँदै पदक हात पारे । त्यस्तै, यू-७ मा रुथ्वी सिंह (४ अंक), यू-१० मा संगीता दास (४.५), यू-१३ मा सुप्रिया खत्री (५), यू-१६ मा गृष्मा पौडेल (५) र ४० वर्षमाथि शिवांगी नाथ (५ अंक) पहिलो स्थानमा रहे । स्कुलतर्फको उपाधि मार्भलस इंग्लिस बोर्डिङले जित्यो । उसले शीर्ष ३ खेलाडीको मूल्यांकनको आधारमा ८ अंक बटुल्दै ट्रफी जितेको हो । ग्रिनल्यान्ड इन्टरनेसनल स्कुल ५ अंकसहित उपविजेता भयो । श्री पञ्चकन्या आधार भूत विद्यालय ४ अंक बनाएर तेस्रो स्थानमा रह्यो ।

विश्व बुद्धिचाल महासंघको फिडे वुमेन्स कमिसन फर चेसले मार्च महिनामा ‘फिडे वुमेन्स चेस म्याराथन’ सञ्चालन गरिरहेको छ र त्यसैअन्तर्गत हिमालयन चेस एकेडेमीले नेपालमा हिमालयन क्विन्स ग्याम्बिट आयोजना गरेको हो, जसमा ६ वर्षदेखि ४७ वर्षसम्मका १०३ खेलाडी सहभागी थिए । रोयल सिंगी होटलमा शनिबार दोस्रो वार्षिकोत्सव मनाएको हिमालयन चेस एकेडेमीले क्विन्स ग्याम्बिटसँगै क्लासिकल, र्‍यापिड, ब्लिट्ज र पजल सोल्भिङ गरी कूल १४ प्रतियोगिता सफलतापूर्वक आयोजना गरेको छ ।

विजेता खेलाडीहरूलाई ट्रफी, मेडल तथा पुरस्कार हिमालयन चेस एकेडेमीकी संस्थापक मोनालिसा खम्बू, कोसी प्रदेश बुद्धिचाल संघका अध्यक्ष सुरेन्द्रकुमार राई, राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ सिर्जना श्रेष्ठ, थापाथाली चेस पार्कका अध्यक्ष सानुराज बज्राचार्य र २०४५ सालका राष्ट्रिय बुद्धिचाल च्याम्पियन नवीन तण्डुकारले प्रदान गरेका थिए ।

# सुजनलाई दोहोरो स्वर्ण

■ सौर्य समाचार

काठमाडौँ । नेपाली उमा कुङ्फु खेलाडी सुजन कक्षपतिले अन्तर्राष्ट्रिय प्रतियोगितामा दोहोरो स्वर्ण जितेका छन् । उनले पहिलोपटक सो प्रतियोगितामा भाग लिएका हुन् । जर्मनीमा भएको ब्याटल अफ बभेरियामा सुजनले २ फरक विधामा स्वर्ण पदक जितेको नेपाल उमा कुङ्फु संघका अध्यक्ष एवम् डब्लुएमएसी नेपाल च्याप्टरका महासचिव सञ्जीतकुमार राईले जानकारी दिए । वर्ल्ड मार्सल आर्ट्स कमिटी (डब्लुएमएसी) द्वारा आयोजित उक्त प्रतियोगितामा सुजनले चाइनिज क्रिएटिभ फम र ट्रेडिसनल फम विथ वेपनमा प्रतिस्पर्धा गरेका थिए ।

चाइनिज क्रिएटिभ फममा सुजनले २३.०२ अंक प्राप्त गरे । यो स्पर्धामा ५ जना सहभागी थिए । ७ खेलाडीले भाग लिएको ट्रेडिसनल फम विथ वेपनमा सुजनले २२.५८ अंक पाएका थिए । प्रतियोगितामा नेपालसहित १० राष्ट्रका १ हजार २०० खेलाडीको सहभागिता रहेको संघले जनाएको छ । सुजनले सातौँ राष्ट्रिय प्रतियोगितामा उमा कुङ्फु च्याम्पियनसिपमा रजत पदक प्राप्त गरेका थिए ।

# एचजेएनबिएलमा हाउन्ड्सको पहिलो जित

■ सौर्य समाचार

काठमाडौँ । हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबिएल) २०२६ मा केभिसी हाउन्ड्सले पहिलो जित हात पारेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सोमबार हाउन्ड्सले रोयललाई ७६-६४ ले पराजित गरेको हो । हाउन्ड्सले पहिलो क्वाटरमा २४-१२ को अग्रता बनाएको थियो । दोस्रो क्वाटर २३-१६ ले आफ्नो पक्षमा पार्दै रोयलले खेलमा फर्कने संकेत गरेको थियो । तर हाउन्ड्सले तेस्रो क्वाटर १७-१५ र चौथो क्वाटर १९-१४ ले आफ्नो पक्षमा पार्दै खेल जितेको हो । लगातार ३ हारपछि पहिलो जित निकालेको हाउन्ड्सले ४ खेलबाट ५ अंक जोडेको छ ।

यस्तै तेस्रो हार बेहोरेको रोयलले पनि ४ खेलबाट ५ अंक नै जोडेको छ । हाउन्ड्सका सौरभ श्रेष्ठले सर्वाधिक २१ अंक स्कोर गरे । सौरभ श्रेष्ठ म्यान अफ दी म्याच घोषित भए । यस्तै आइतबार राति सम्पन्न खेलमा कीर्तिपुरले सोलो बास्केटबललाई ८४-७७ ले पराजित गर्दै दोस्रो जित हात पारेको थियो । लगातार २ खेल जितेको सोलोमो यो पहिलो हार हो । कीर्तिपुरका अनिल खड्गी म्यान अफ दी म्याच घोषित भए । नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा भइरहेको दोस्रो संस्करणको एचजेएनबिएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन् । डबल राउन्ड रोबिनका आधारमा हुने लिगमा कूल ५६ खेल हुनेछ । लिग चरणपछि शीर्ष ४ मा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन् । प्लेअफअन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीबीच पहिलो क्वालिफायर हुनेछ भने लिगमा तेस्रो र चौथो हुने टोलीबीच एलिमिनेटर खेल हुनेछ । पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबीच दोस्रो क्वालिफायर हुनेछ । पहिलो र दोस्रो क्वालिफायरको विजेताबीच फाइनल खेल हुनेछ ।

# सहमति कार्यान्वयन गर्न एन्फासँग क्लबहरूको माग




■ सौर्य समाचार

काठमाडौँ । सहिद स्मारक ‘ए’ डिभिजन लिगसँग सम्बन्धित विषयमा विभिन्न क्लबहरूले अखिल नेपाल फुटबल संघ (एन्फा)सँग भएका सहमतिहरू कार्यान्वयन गर्न माग गरेका छन् । सोमबार पत्रकार सम्मेलन गर्दै क्लबका प्रतिनिधिहरूले नेपाली फुटबल दिनप्रतिदिन खस्कँदै गएको भन्दै संघको निर्णय प्रक्रियाप्रति गम्भीर असन्तुष्टि व्यक्त गरेका हुन् । क्लबहरूले २०८२ कात्तिक १७ गते एन्फा र ‘ए’ डिभिजन क्लबहरूबीच भएको कार्यतालिका सहितको सहमति कार्यान्वयन गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय लिग सञ्चालन भइरहेको अवस्थामा ट्रान्सफर विन्डो नखोली खेलाडीहरूलाई अन्य क्लबमा सम्झौता गराउने कार्यप्रति पनि उनीहरूले आपत्ति जनाएका छन् । यस्तै, विदेशी खेलाडी भित्र्याउँदा वर्क परमिट लिन समय लाग्ने भएकाले एन्फाले एकद्वार प्रणालीमार्फत प्रक्रिया सहज बनाउनुपर्ने माग गरिएको छ । प्रतियोगिता नियमावलीअनुसार ‘ए’ डिभिजन लिगमा १४ क्लबको सहभागिता सुनिश्चित गर्न पनि एन्फालाई आग्रह गरिएको छ ।

क्लबहरूले फागुन २६ गते एन्फालाई बुझाएको ध्यानाकर्षण पत्रको बेवास्ता गर्दै सहभागी क्लबहरूसँग छलफल नगरी लिगको मिति तय गरिएकोप्रति असहमति जनाएका छन् । राष्ट्रिय लिग सकिएको ३० दिनपछि प्रारम्भिक छलफल गरी लिगबारे निर्णय गर्ने सहमति कार्यान्वयन गर्न पनि उनीहरूले माग गरेका छन् । उक्त मागहरू तत्काल सम्बोधन गर्न अपिल गर्दै सरोकारवालाहरूले आगामी आइतबारदेखि शान्तिपूर्ण धर्ना कार्यक्रम सुरु गर्ने घोषणा गरेका छन् ।

# पोखरामा ५ वर्षपछि खुला प्याराग्लाइडिङ च्याम्पियनसिप

■ सौर्य समाचार

कास्की । देशको पर्यटकीय राजधानी पोखरामा यही चैत ५ देखि ७ गतेसम्म २१औँ संस्करणको ‘नेपाल खुला प्याराग्लाइडिङ च्याम्पियनसिप’ हुने भएको छ । नेपाल हवाई खेलकुद संस्थाको आयोजनामा ‘एक्युरेसी’ विधामा हुने प्रतियोगितामा हालसम्म स्वदेशी तथा विदेशी गरी ९० खेलाडीले नाम दर्ता गराएको सोमबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक सुनिलबहादुर भट्टराईले जानकारी दिए । प्रतियोगितामा सहभागी खेलाडी पोखराको सराङ्कोटबाट उडान भरेर फेवाताल किनार खपौंदीमा अवतरण गर्नेछन् । कोभिड-१९ महामारी र नेपाल नागरिक उड्डयन प्राधिकरणले २०७८ मा देशभर ‘सोलो’ उडानमा रोक लगाएका कारण २०औँ संस्करणसम्म भएको च्याम्पियनसिप स्थगित भएको थियो । पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका दौरान प्याराग्लाइडिङका खेलाडी निशिम थापाको दुर्घटनामा मृत्यु भएपछि प्राधिकरणले सोलो उडान रोक लगाएपछि प्रतियोगिता स्थगित भएको संयोजक भट्टराईले बताए । नेपालले १८औँ एसियाली खेलकुदमा प्याराग्लाइडिङमा रजत पदक जित्न सफल भएको थियो । नेपाल च्याम्पियनसिपको निरन्तरताका कारणले नै देशले खेलकुदमा सो उपलब्धि हासिल गरेको र प्रतियोगिताले मनोरञ्जनात्मक एवं साहसिक हवाई खेलकुदको माध्यमबाट नेपालको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको नेपाल हवाई खेलकुद संस्थाका अध्यक्ष अनिल केसीले बताए ।

‘खेलको माध्यमबाट पर्यटन क्षेत्रको विकास गर्दै राज्यको आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा नेपाली प्याराग्लाइडिङ खेलाडीहरूको क्षमता अभिवृद्धि गर्नु प्रतियोगिताको प्रमुख उद्देश्य हो,’ उनले भने, ‘अहिलेको विषम अवस्थामा देशको पर्यटन क्षेत्रलाई यस प्रतियोगिताले केही हदसम्म भए पनि माथि उठाउन सक्ने विश्वास लिएका छौं ।’ च्याम्पियनसिपबाट छनोट भएका खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्याराग्लाइडिङ प्रतियोगिताहरूमा भाग लिन सक्नेछन् । यसैगरी यस खेलबाट आसन्न १०औँ राष्ट्रिय खेलकुदका लागि प्याराग्लाइडिङ विधाका गण्डकी प्रदेशस्तरीय खेलाडीसमेत छनोट गरिने अध्यक्ष केसीले बताए ।

च्याम्पियनसिपमा पुरुषतर्फको एक्युरेसी विधामा च्याम्पियन हुनेले १ लाख ५० हजार रुपैयाँ मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । त्यसैगरी द्वितीय हुनेले १ लाख र तृतीय हुनेले ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन् । महिलातर्फ च्याम्पियनले ७५ हजार, द्वितीयले ५० हजार र तृतीयले २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् । त्यसैगरी, टिम ओभरअल विधामा पहिलो हुनेले ७५ हजार, द्वितीयले ५० हजार र तृतीयले २५ हजार रुपैयाँ पुरस्कार पाउने नाका महासचिव बलराम आचार्यले जानकारी दिए ।

च्याम्यिनसिपमा मौसमको अवस्था महत्त्वपूर्ण हुने भएकाले उडान अघि आधिकारिक मौसम पूर्वानुमान अध्ययन गरेर मात्र खेल सञ्चालन हुने आयोजकले जनाएको छ । खेलाडीहरूलाई हावाको दिशा, तापक्रम, थर्मल गतिविधि तथा सम्भावित जोखिमबारे जानकारीसहितको ब्रिफिङ गरिने र कार्यक्रमस्थलमा आवश्यक मात्रामा स्वयंसेवक, आकस्मिक उद्धार टोली सशस्त्र प्रहरी बल र नेपाली सेना मोटरबोटसहित आवश्यक उद्धार उपकरणसहित तैनाथ गरिने अध्यक्ष केसीले जानकारी दिए ।

सबै अब एकै ठाउँमा
सूचना तथा प्रशारण विभागबाट प्रकाशित
२०८३ सालको भित्ते पात्रो (मूल्य रु ६०)
डायरी (मूल्य रु ३५०)
नेपाल परिचय (मूल्य रु ३५०)
तोयानाथ भित्ते पात्रो (मूल्य रु १७५)
तोयानाथ पात्रो (मूल्य रु १७५)
बजारमा सर्वत्र उपलब्ध छ
होलसेल बिक्रेतालाई धमकेदार छूट


Brother Books
ब्रदर बुक्स प्रकाशन प्रा.लि.
बागबजार, काठमाडौँ, फोन : ९८५१०-५८७३०

## कला

# वृत्तचित्र द एभरेस्ट ड्रिम निफमा प्रदर्शन हुँदै

■ सौर्य समाचार



काठमाडौँ । स्कटल्यान्डका ट्रमाटिक ब्रेन इन्जुरी (मस्तिष्कमा गम्भीर चोट) भोगेका व्यक्तिहरूको प्रेरणादायी सगरमाथा यात्रामा आधारित नयाँ वृत्तचित्र ‘द एभरेस्ट ड्रिम’ तयार भएको छ । गणेश पाण्डेको निर्देशन रहेको उक्त वृत्तचित्र यही चैत २२ मा काठमाडौँमा नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) मा प्रदर्शनको तयारीमा रहेको छ । त्यसपछि वृत्तचित्र विश्वका विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रदर्शन हुने उनले बताए । निर्देशक पाण्डेका अनुसार करिब डेढ वर्षको मिहिनेतपछि तयार भएको यो वृत्तचित्रमा गम्भीर दुर्घटनापछि जीवनसँग संघर्ष गरिरहेका केही व्यक्तिले देखेको असाधारण सपनाको कथा समेटिएको छ । यसअघि उनको भूकम्पसम्बन्धी वृत्तचित्र ‘भाग्यले बाँचेकाहरू’ले विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार जितेको थियो । उक्त वृत्तचित्र विश्वभरका विभिन्न देशमा प्रदर्शन भएको थियो । निर्देशक पाण्डेले तयार गरेको बहुपति प्रथामाथि आधारित वृत्तचित्र ‘को-हजबेन्ड’ले विभिन्न फिल्म अवार्ड जित्नुका साथै ४० भन्दा बढी फिल्म महोत्सवमा प्रदर्शन गरिएको थियो ।

# पोखरामा मनको राजा प्रदर्शन

■ सौर्य समाचार

पोखरा । ब्रेज मेश्रो फिल्म प्रोडक्सन घान्द्रुकको ब्यानरमा लामा अमृत फाउन्डेसन घान्द्रुकद्वारा निर्मित गुरुङ कथानक चलचित्र सौंर्बे म्रु ‘मनको राजा’ को पोखरामा सोमबार ‘प्रिमियर शो’ प्रदर्शन गरिएको छ । सोम गुरुङको निर्देशनमा तयार भएको चलचित्र सौंर्बे म्रु ‘मनको राजा’ पोखराको मिडटाउन फिल्म हलमा प्रिमियर शो गरिएको हो । प्रिमियर शोमा कास्कीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले चलचित्र प्रदर्शनपछि घान्द्रुकको पर्यटन प्रवर्द्धनमा थप मद्दत पुग्ने विश्वास रहेको बताए । घान्द्रुक आसपास क्षेत्रमा निर्माण गरिएको चलचित्र मनको राजा सबैको राजा बन्छ भन्ने विश्वास लिएको उल्लेख गर्दै उनले चलचित्र प्रदर्शनपछि घान्द्रुकको पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने बताए ।

चलचित्रका निर्माता एवं नायक लामा अमृत गुरुङले चलचित्रको माध्यमबाट घान्द्रुकको पर्यटन प्रवर्द्धन गर्न ब्रेज मेश्रो फिल्म प्रोडक्सन घान्द्रुकको ब्यानरमा चलचित्र, म्युजिक भिडियो, डकुमेन्ट्री तयार गरिरहेको बताए । घान्द्रुकको पवित्र मन्दिर सबैले पुज्दै आएको ब्रेज मेश्रम बराह, उक्त नामा विभिन्न व्यक्ति मिलेर फिल्म प्रोडक्सन हाउस स्थापना गरिएको बताउँदै उनले घान्द्रुक आफैँमा पर्यटकीय क्षेत्र भएको र चलचित्रको माध्यमबाट यसलाई अझै विकास गर्न ब्रेज मेश्रो फिल्म प्रोडक्सन घान्द्रुकको ब्यानरमा चलचित्र, म्युजिक भिडियो, डकुमेट्री निर्माण गरिरहेको बताए ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.ब.नं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी